# *कर्नाली ब्लुज* उपन्यासको समाजभाषिक अध्ययन

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली
भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह,
एम.एड., द्वितीय वर्षको नेपा.शि. ५९८
पाठ्यांशको प्रयोजनका
लागि प्रस्तुत

शोधपत्र


कविता अधिकारी
९-२-०५१२-००३४-२०१३
२४०००६१/२०७४



नेपाली भाषा शिक्षा विभाग,
सप्तगण्डकी बहुमुखी क्याम्पस,
भरतपुर, चितवन


२०७८/२०२२

## प्रतिबद्धतापत्र

*कर्नाली ब्लुज उपन्यासको समाजभाषिक अध्ययन* शीर्षकको यस शोधपत्रमा उपयोग र प्रयोग गरिएका सन्दर्भ सामग्रीहरू जे-जसरी सम्पादन गरिएको भए पनि ती सबैलाई गर्भे टिप्पणीका आधारमा पुष्टि गरिएको छ । मैले प्रस्तुत गरेका सबै विषयवस्तुहरू मौलिक छन् र यस शोधपत्रमा कुनै पनि अंश प्रतिलिपिगत, प्रकाशित र शोधप्रयोजनस्वरूप उपाधि लिन कुनै पनि विश्वविद्यालयमा प्रस्तुत गरिएको छैन भनी उद्घोष गर्दछु ।

मिति : २०७८/०९/०८

सन् : २०२१/१२/२३

............................

कविता अधिकारी

शोधार्थी

## शोधनिर्देशकको सिफारिसपत्र

*कर्नाली ब्लुज उपन्यासको समाजभाषिक अध्ययन* शीर्षकको यो शोधपत्र छात्रा कविता अधिकारीले मेरा निर्देशनमा पूर्ण लगाव र परिश्रमपूर्वक तयार पार्नु भएको हो । विषयगत गहनतालाई महत्त्व दिई तयार पारिएको यस शोधपत्रबाट म पूर्ण सन्तुष्ट छु । शिक्षाशास्त्र सङ्काय, नेपाली विभागको नयाँ प्रारूपअनुसार तयार पारिएको यो शोधपत्र एउटा नमुना शोधपत्रका रूपमा तयार भएको जस्तो मलाई लाग्दछ । अतः आवश्यक मूल्याङ्कनका लागि सप्तगण्डकी क्याम्पस, नेपाली विभागसमक्ष सिफारिस गर्दछु ।

मिति : २०७८/०९/१८

सन् : २०२२/०१/०२

..............................

गंगा सुवेदी

सहायक प्राध्यापक

सप्तगण्डकी बहुमुखी क्याम्पस

नेपाली विभाग

भरतपुर, चितवन

# कृतज्ञताज्ञापन

प्रस्तुत *कर्नाली ब्लुज उपन्यासको समाजभाषिक अध्ययन* शीर्षकको शोधपत्र त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागअन्तर्गत दोस्रो वर्षको नेपा.शि. ५९८ अध्ययनपत्र पाठ्याशको प्रयोजनार्थ तयार पारिएको हो । सर्वप्रथमतः प्रस्तुत उपन्यासका लेखक अर्थात् शोधनायक बुद्धिसागरप्रति हार्दिक कृतज्ञताज्ञापन गर्न चाहन्छु, जसको उपन्यासका कारण मैले आफ्नो शोधकार्यमा प्रस्तुत पुस्तकको माध्यमबाट अनुसन्धान कार्य गर्ने अवसर प्राप्त गरेकी छु ।

प्रस्तुत शोधको उपर्युक्त शोधशीर्षक छनोट तथा शोधप्रस्ताव स्वीकृत गरी शोधको अवसर प्रदान गर्नुहुने सप्तगण्डकी बहुमुखी क्याम्पस तथा यसअन्तर्गतको नेपाली भाषा शिक्षा विभागप्रति हार्दिक आभार व्यक्त गर्दछु । यस शोधकार्यको शीर्षक चयन एवम् अन्य सल्लाह, सुझाउ एवम् मार्गनिर्देशन गर्नुहुने नेपाली भाषा शिक्षा विभागका विभागीय प्रमुख आदरणीय गुरुआमा विन्दु पौडेल (वस्ती) एवम् शोधनिर्देशक आदरणीय गुरुआमा गंगा सुवेदी एवम् गुरु सरोज दवाडीप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । यस शोधकार्यमा यो शोधपत्र तयार गर्ने क्रममा विभिन्न प्रकारका सन्दर्भ सामग्रीहरू उपलब्ध गराइदिने सप्तगण्डकी क्याम्पस पुस्तकालय र केन्द्रीय क्याम्पस (त्रि.वि.) पुस्तकालयप्रति धन्यवाद प्रकट गर्दछु ।

शोधलेखनका क्रममा हेमाङ्गराज अधिकारी, बालकुमारी काफ्ले, दिव्यश्वरी डाँगी, भानुभक्त ढकाल, शान्तिप्रसाद ढकाल, कविता पाल, माधवप्रसाद पौडेल, महेन्द्रसिंह धामी, रञ्जनाकुमारी प्याकुरेलको पुस्तक तथा शोधलेखहरूको सहयोग लिइएकोले उहाँहरूप्रति कृतज्ञता प्रकट गर्दै मेरो उज्ज्वल भविष्यको कामना गर्दै उच्च शिक्षाको विशिष्ट स्तरसम्म पुऱ्याउने पिता भीमबहादुर अधिकारी र ममतामयी माता राधिका अधिकारीप्रति म सधैं आभारी छु । हरेक कोणबाट हौसला प्रदान गरी अगाडि बढ्न र शोधपत्रका लागि सामग्री जुटाउन सहयोग गर्ने दिदी ममता खड्का अधिकारी र परिवारका सबै सदस्यहरू एवम् मेरा प्रिय साथीहरू कुमारी शर्मा, प्रतिमा पौडेल र पूजा सुवेदीप्रति एवम् टङ्कन कार्यमा सहयोग गर्नुहुने दाजु जीवन ढुङ्गानाप्रति विशेष कृतज्ञता आभार गर्दछु ।

अन्त्यमा, प्रस्तुत शोधपत्रको उचित मूल्याङ्कनका लागि सप्तगण्डकी क्याम्पस, नेपाली भाषा शिक्षा विभागसमक्ष पेस गर्दछु ।

मिति : २०७८/०९/०८ शोधार्थी

सन् : २०२१/१२/२३ कविता अधिकारी

## शोधसार

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय सप्तगण्डकी बहुमुखी क्याम्पस नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह द्वित्तीय वर्षको नेपाली शिक्षा ५९८ पाठयांशको प्रयोजनका लागि तयार गरिएको छ । यस शोधपत्रको शीर्षक *कर्नाली ब्लुज उपन्यासको समाजभाषिक अध्ययन* रहेको छ । प्रस्तुत शोधकार्यका उद्देश्यहरू भौगोलिक आधारमा *कर्नाली ब्लुज* उपन्यासको समाजभाषिक अध्ययन गर्नु र यस उपन्यासका पात्रहरूले प्रयोग गर्ने भाषाको लिङ्गगत, वर्गगत र पेसागत आधारमा भाषिक प्रयोगको स्थिति पत्ता लगाउनु रहेको छ ।

प्रस्तुत शोधकार्य *कर्नाली ब्लुज* उपन्यासको समाजाभाषिक अध्ययनसँग सम्बन्धित भएकाले प्राथमिक सामग्रीको रूपमा बुद्धिसागरद्वारा लिखित *कर्नाली ब्लुज* उपन्यासलाई नै मुख्य आधार बनाई त्यसभित्र प्रयोग गरिएका विभिन्न पात्रहरूले प्रयोग गर्ने भाषाको स्वरूप र संरचनाका विभिन्न पक्षलाई अध्ययन विश्लेषणको आधार बनाइएको छ । प्रस्तुत अध्ययनलाई निश्चित उद्देश्य प्राप्ति र निष्कर्षमा पुऱ्याउन सूचना सङ्कलनका प्राथमिक स्रोत सामग्रीका रूपमा *कर्नाली ब्लुज* उपन्यासलाई अध्ययन विश्लेषणको प्रमुख आधारका रूपमा लिइएको छ भने र द्वितीयक सामग्रीका रूपमा समाज भाषाविज्ञानसँग सम्बन्धित विभिन्न शोधार्थीहरूद्वारा गरिएका शोधपत्र, पाठ्यपुस्तक, विभिन्न लेख, रचना, सम्बन्धित साहित्यका समालोचनात्मक कृतिहरू, इमेल, इन्टरनेटको सहयोगबाट सामग्री सङ्कलन गरिएको छ । अध्ययन विधिका रूपमा मुख्य गरेर पुस्तकालयीय अध्ययन विधि अपनाइएको छ भने आंशिक रूपमा वर्णनात्मक तथा विश्लेषणात्मक विधिको प्रयोग गरी तथ्यहरूको अध्ययन विश्लेषण गरिएको छ । यस उपन्यासको समाजभाषिक अध्ययनका क्रममा समाज भाषाविज्ञानको परिचय र सैद्धान्तिक पृष्ठभूमि, भाषिक भेदहरूको क्रमशः विश्लेषण गरिएको छ । यसका साथै वर्गगत र लिङ्गगत अवस्थाका आधारमा *कर्नाली ब्लुज* उपन्यासका पात्रहरूले प्रयोग गरेका भाषाको भाषिक विश्लेषण गरी निष्कर्ष प्रस्तुत गरिएको छ यस उपन्यासको समाजभाषिक अध्ययनका क्रममा शोधपत्रलाई विभिन्न शीर्षक र उपशीर्षकहरूमा वर्गीकरण गरी छ अध्यायमा विभाजन गरी निष्कर्ष निकालिएको छ । यस शोधको अध्याय एकलाई 'अध्ययनको पृष्ठभूमि' मूलशीर्षक दिई समस्याकथन, अध्ययनको औचित्य, अनुसन्धानात्मक प्रश्नहरू, सीमाङ्कन, पारिभाषिक शब्दावली र सारांश उपशीर्षक दिइ व्याख्या तथा विश्लेषण गरिएको छ । अध्याय दुईलाई 'सम्बन्धित कार्यको पुनरावलोकन'

मूल शीर्षक दिई यसअन्तर्गत प्रायोगिक पुनरावलोकन र सैद्धान्तिक पुनरावलोकन, पूर्वकार्यको अवलोकनको अनुप्रयोग, समाज भाषाविज्ञानको सैद्धान्तिक अवधारणा र सारांश प्रस्तुत गरिएको छ । यसै अध्यायमा भाषाविज्ञानको परिचय, समाज भाषाविज्ञानको क्षेत्रका साथै भाषिक भेदहरूको बारेमा चर्चा गरिएको छ । त्यसैगरी भाषाको वर्गगत र लिङ्गगत आधारमा भाषिक स्वरूपको सैद्धान्तिक अवधारणालाई प्रस्तुत गरिएको छ । अध्याय तीनलाई 'शोधविधि र प्रक्रिया' शीर्षक दिइएको छ । यसअन्तर्गत समाजभाषिक अध्ययनको लागि छनोट गर्ने भनी नमुना छनोट प्रक्रिया, सामग्री सङ्कलनअन्तर्गत प्राथमिक स्रोतका रूपमा *कर्नाली ब्लुज* उपन्यास र द्वितीयक सामग्रीका रूपमा कृतिसँग सम्बन्धित भएर लेखिएका लेख, समालोचना, पुस्तक, प्रतिवेदन आदिलाई राखिएको छ । त्यसैगरी प्राथमिक वा द्वितीयक स्रोत अथवा दुवै स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । यसका साथै तथ्य सङ्कलनका साधन र तथ्य सङ्कलनका बारेमा पनि चर्चा गरिएको छ र अन्त्यमा शोधपत्रको रूपरेखा तथा यस अध्यायको सारांशसमेत प्रस्तुत गरिएको छ । अध्याय चारअन्तर्गत 'व्याख्या र विश्लेषण' शीर्षक राखी अध्ययन गरिएको छ । यस अध्यायमा उपन्यासकारको सङ्क्षिप्त परिचय दिनुका साथै भौगोलिक आधारमा *कर्नाली ब्लुज* उपन्यासको भाषिक विश्लेषण गरिएको छ । भौगोलिक आधारअन्तर्गत यस उपन्यासमा विषयवस्तु सुहाउँदो पात्र र स्थानअनुसारको पद, पदावली, शब्द, निपात, उखानटुक्काका साथै बोलीचालिका भाषा प्रयोग गरिएको छ ।  अध्याय पाँचमा *कर्नाली ब्लुज* उपन्यासको पात्रगत भाषिक विश्लेषण शीर्षक राखी अध्ययन गरिएको छ । यस अध्यायमा पात्रहरूको लिङ्गत, वर्गगत र पेसागत आधारमा *कर्नाली ब्लुज* उपन्यासको विश्लेषण गरिएको छ । अध्याय छमा अध्याय एकदेखि अध्याय पाँचसम्मको सारांश, निष्कर्ष प्रस्तुत गरी यस शोधको उपादेयता प्रस्तुत गरिएको छ र अन्त्यमा सन्दर्भ सामग्रीसूची र व्यक्तिवृत्त प्रस्तुत गरी शोधकार्यलाई समापन गरिएको छ ।

# सङ्क्षिप्त रूपसूची

| सङ्क्षिप्तरूप | | पूर्णरूप |
|---|---|---|
| अनु. | : | अनुकूल |
| आइ.एस.बि.एन. | : | इन्टरनेशनल स्ट्याण्डर्ड बुक नम्बर |
| आर.आर. | : | रत्न राज्य |
| उ.मा.वि. | : | उच्च माध्यमिक विद्यालय |
| एफ.पी. | : | फाइन प्रिन्ट |
| एम.एड. | : | मास्टर्स अफ एजुकेसन |
| एस.एल.सी. | : | स्कुल लिभिङ सर्टिफिकेट |
| क्र.सं. | : | क्रम सङ्ख्या |
| त्रि.वि. | : | त्रिभुवन विश्वविद्यालय |
| नं. | : | नम्बर |
| नेपा.शि. | : | नेपाली शिक्षा |
| प्रा.लि. | : | प्राइभेट लिमिटेड |
| पृ. | : | पृष्ठ |
| पृपृ. | : | पृष्ठहरू |
| संस्क. | : | संस्करण |

# विषयसूची

*मुखपृष्ठ*

*प्रतिबद्धतापत्र*

*शोधनिर्देशकको सिफारिसपत्र*

*स्वीकृतिपत्र*

*कृतज्ञताज्ञापन*

*शोधसार* क

*सङ्क्षिप्त रूपसूची* ग

*विषयसूची* घ

*तालिकासूची* ञ

*रेखाचित्र सूची* ट

*चिन्हसूची* ठ

**अध्याय एक**

**शोधपरिचय** पृष्ठ

अध्ययनको पृष्ठभूमि १

समस्याकथन २

अध्ययनको औचित्य २

उद्देश्यहरू ३

सीमाङ्कन ३

पारिभाषिक शब्दावली ३

सारांश ३

**अध्याय दुई**

**सम्बन्धित कार्यको पुनरावलोकन**

सैद्धान्तिक पुनरावलोकन ५

प्रायोगिक पुनरावलोकन ६

अनुसन्धानमा सम्बन्धित कार्यको पुनरावलोकनको अनुप्रयोग ११

समाज भाषाविज्ञानको सैद्धान्तिक अवधारणा ११
सैद्धान्तिक पृष्ठभूमि १२
समाज भाषाविज्ञानको परिचय १४
समाज भाषाविज्ञानको क्षेत्र १६
भाषिक भेद १७
भाषाको सामाजिक भेद १९
भाषाको प्रयोजनपरक भेद २०
भाषाको प्रसङ्गगत भेद २१
भाषाको लैङ्गिक आधारमा भेद २२
भाषाको वर्गीय आधारमा भेद २३
भाषाको पेसागत आधारमा भेद २५
सारांश २६

**अध्याय तीन**

**शोधविधि र प्रक्रिया**

अनुसन्धान ढाँचा २७
नमुना छनोट प्रक्रिया २७
सामग्री सङ्कलन प्रक्रिया २७
सामग्री सङ्कलनका साधन २८
सामग्री सङ्कलन २८
अवधारणात्मक ढाँचा २८
नतिजा र छलफल २९
शोधपत्रको रूपरेखा २९
सारांश २९

**अध्याय चार**

**भौगोलिक आधारमा *कर्नाली ब्लुज* उपन्यासको विश्लेषण**

पृष्ठभूमि ३१
लेखक र उपन्यासको सङ्क्षिप्त परिचय ३१

भौगोलिक आधारमा *कर्नाली ब्लुज* उपन्यासको भाषिक अवस्था ३२
सारांश ३६

**अध्याय पाँच**

**पात्रगत भाषिक स्थितिको विश्लेषण**

लैङ्गिक आधारमा भाषिक स्थितिको विश्लेषण ३७
पुरुष पात्रहरूको भाषिक विश्लेषण ३७
महिला पात्रहरूले प्रयोग गरेका भाषिक संवाद ४०
वर्गगत पात्रले प्रयोग गरेका भाषिक स्थिति ४२
उच्चवर्गका पात्रले प्रयोग गरेका भाषिक स्थिति ४२
मध्यमवर्गका पात्रले प्रयोग गरेका भाषिक स्थिति ४४
निम्न वर्गीय पात्रहरूले प्रयोग गरेका भाषिक विश्लेषण ४५
पेसागत आधारमा पात्रहरूले प्रयोग गरेका भाषिक विश्लेषण ४७
सारांश ४९

**अध्याय छ**

**सारांश, निष्कर्ष र उपादेयता**

सारांश ५१
निष्कर्ष ५२
उपादेयता ५३
सन्दर्भ सामग्रीसूची
व्यक्तिवृत्त

# तालिकासूची


| तालिका सङ्ख्या | | शीर्षक | पृष्ठ |
|---|---|---|---|
| १ | : | उपन्यासमा प्रयुक्त पात्रहरूको लैङ्गिक विवरण | ३९ |
| २ | : | पात्रहरूको वर्गगत वर्गीकरण | ४७ |

# चित्र सूची

| चित्र सङ्ख्या | शीर्षक | पृष्ठ |
|---|---|---|
| १ : | अवधारणात्मक ढाँचा | २८ |

# चिह्नसूची

| चिह्न | अर्थ |
|---|---|
| ; | अर्धविराम |
| , | अल्पविराम |
| “ ” | कसैको प्रत्यक्ष उक्तिको उद्धरण गर्दा |
| ... | केही अंश छोडिएको |
| । | पूर्णविराम |
| ? | प्रश्नवाचक |
| - | योजक |
| / | विकल्प, पर्याय |
| ‘ ’ | विशेष जोड दिँदा |
| : | व्याख्या/सापेक्ष |
| – | बाट |
| (   ) | पेटे टिप्पणी दिँदा |

# अध्याय एक
# शोधपरिचय

## अध्ययनको पृष्ठभूमि

प्रस्तुत शोधकार्यको शीर्षक *कर्नाली ब्लुज उपन्यासको समाजभाषिक अध्ययन* रहेको छ । नेपाली साहित्यका नवप्रतिभा बुद्धिसागर (२०३८) ले कविता र उपन्यास विधामा आफ्नो कलम चलाएका छन् । उनको *कर्नाली ब्लुज* उपन्यास (२०६७), *फिरफिरे* उपन्यास (२०७२) कृतिहरू प्रकाशित छन् भने अनेकौं लेख, रचनाहरू विभिन्न पत्रपत्रिकामा फुटकर रूपमा प्रकाशित छन् । उनको *कर्नाली ब्लुज* उपन्यास उनको पहिलो पुस्तकाकार कृति हो । सामाजिक यथार्थवादी धाराका उपन्यासकार बुद्धिसागरले राष्ट्रिय कविता महोत्सवमा स्वर्ण पदक (२०६०) र राष्ट्रिय प्रतिभा पुरस्कार (२०६६) प्राप्त गरेका छन् । *कर्नाली ब्लुज* उपन्यासमा ग्रामीण भोगाइका यथार्थ घटनाक्रमलाई समेटिएको छ । यस उपन्यासमा छोराको आँखाबाट पिताको सङ्घर्ष देखाइएको छ । सानो छँदा आफ्ना पितालाई संसारकै सबैभन्दा बलवान् र ज्ञानी ठान्ने छोराले आफ्नो हुर्काइसँगै पिताबारे धारणा फेर्दै जान्छ । यस उपन्यासमा साना-साना कुरामा छिमेकीछिमेकीबीच मनमुटाव भई बोलचाल बन्द हुनु, परिवारका सदस्य बिरामी हुँदा अस्पताल नलगी धामी-झाँक्रीको विश्वास गरी अन्त्यमा बिरामीको मृत्यु हुनु, भौगोलिक विकटताका कारण कालिकोटका मानिसहरूले भोग्नुपरेको दुःख, कष्टलाई प्रस्तुत गरिएको छ । यस उपन्यासमा बाल्यावस्था र किशोरावस्थाको उट्पट्याङ बिठ्याइँसँगै जीवन भोगाइका क्रममा आइलागेका कैयौं घटनाक्रमलाई उजागर गरिएको छ । सुदूर तराईको गाउँ मटेरादेखि कटासे बजार हुँदै सुदूर पहाड कालिकोटसम्मको घटनालाई यस उपन्यासमा चित्रण गरिएको छ ।

भाषा र समाजको सम्बन्धको अध्ययन गर्ने भाषाविज्ञानको सम्बन्ध नै सामाजिक भाषाविज्ञान हो । भाषा सामाजिक सम्पर्कको प्रमुख माध्यम हो । भाषाले विचार विनिमयको काम मात्र नगरी एक-आपसमा समझदारी कायम गर्ने कार्यसञ्चार गर्ने, सम्बन्ध बढाउने आदि काम गरेको हुन्छ । समाजबिना भाषाको कुनै पनि किसिमको अध्ययन पूर्ण नहुने भएकाले भाषाको महत्त्व सामाजिक धरातलसम्म रहन्छ । सामाजिक भाषाविज्ञानको क्षेत्र व्यापक रहेको छ । यसको मुख्य अध्ययन क्षेत्रमा भाषा, भाषिका, भाषिक समुदाय, भाषिक

भेद, भाषाद्वैत, कोड परिवर्तन, कोड मिश्रण आदि रहेका छन् । समाजको विकाससँगै भाषाको पनि विकास हुँदै जान्छ र समाजअनुसार भाषाको प्रयोग फरकफरक हुन्छ । भाषा सामाजिक सम्प्रेषण एवम् व्यवहारको महत्त्वपूर्ण र प्रभावकारी अध्ययन भएकाले यसले भाषाको प्रयोग पक्षलाई विशेष जोड दिन्छ । अतः प्रस्तुत शोधकार्यमा *कर्नाली ब्लुज* उपन्यासको समाजभाषिक अध्ययन विश्लेषण गरिएको छ ।

## समस्याकथन

प्रस्तुत शोधप्रस्ताव 'कर्नाली ब्लुज उपन्यासको समाजभाषिक अध्ययन' शीर्षकको शोधसमस्यामा आधारित छ । नेपाली साहित्यिक क्षेत्रमा देखापरेका उपन्यासहरूमध्ये *कर्नाली ब्लुज* उपन्यासमा पनि समाजको वास्तविकता देख्न पाइन्छ । समाजको आर्थिक जटिलतासँगै हरेक वर्ग, पेसा, जाति, लिङ्ग, सामाजिक विभेद, भौगोलिक बनावट आदिको सङ्गमका रूपमा यस उपन्यास रहेको छ । तसर्थ यस उपन्यासमा केकस्ता सामाजिक पक्षको प्रयोग गरिएका छन् भन्ने कुरा यस शोधप्रस्तावको समस्याका रूपमा रहेको छ ।

## अध्ययनको औचित्य

प्रस्तुत अध्ययन आख्यानको विधातत्त्वअन्तर्गतको एक प्रमुख तत्त्व समाजभाषासँग सम्बन्धित छ । भाषा आख्यान विधाका कथा र उपन्यासकै एक प्रमुख संरचक अवयव हो । नेपाली साहित्यमा विभिन्न विधामध्ये उपन्यास विधा शक्तिशाली विधा हो । प्रायोगिक भाषाविज्ञानको नवीनतम शाखाको रूपमा सामाजिक भाषाविज्ञानलाई लिन सकिन्छ । *कर्नाली ब्लुज* उपन्यासको समाजभाषिक दृष्टिकोणबाट अध्ययन र शोधपत्र तयार नभएकाले तयार गरिएको हो । तसर्थ समाज सुधारका लागि समाजभाषाको अध्ययन उपयोगी हुनुका साथै समाजको भौगोलिक, वर्गीय, लैङ्गिक, पेसागत, आर्थिक आदि विविध क्षेत्र र अवस्थाको अध्ययन गर्न यस शोधले विशेष भूमिका खेल्ने देखिन्छ । यसका साथै कुनै पनि आख्यानको समाजभाषिक अध्ययन विश्लेषण गर्न चाहने अनुसन्धाताका लागि यस शोधले मार्गदर्शन प्रदान गर्नेछ । उपन्यासको समाजभाषिक अध्ययन एक प्राज्ञिक विषय पनि हो । त्यसैले यो अनुसन्धानको नवीन र मौलिक पक्षका रूपमा रहेको छ । यसले उपन्यासको भाषिक सिद्धान्तका आधारमा विश्लेषण गर्ने ज्ञानको एक नवीन मौलिक परम्पराको सुरुवात समेत गर्नेछ । यस अध्ययनले समाजभाषिक अनुसन्धानसँग सरोकार राख्ने जोसुकै

समालोचकका लागि पनि यसले अनुसन्धानको आधार प्रदान गर्ने हुँदा प्रस्तुत अनुसन्धानको महत्त्व र औचित्य स्वतः पुष्टि हुन्छ ।

## उद्देश्यहरू

प्रस्तुत शोधकार्यको उद्देश्यहरूमा केन्द्रित रहेर निम्नलिखित अनुसन्धानात्मक प्रश्नहरूका उत्तरको खोजीमा केन्द्रित रहेका छन् :

(क) *कर्नाली ब्लुज* उपन्यासको भौगोलिक आधारमा भाषिक अवस्था पत्ता लगाउनु,

(ख) *कर्नाली ब्लुज* उपन्यासका पात्रहरूले प्रयोग गर्ने भाषाको लिङ्गगत, वर्गगत र पेसागत अवस्थाका आधारमा भाषिक स्थिति पहिल्याउनु ।

## सीमाङ्कन

प्रस्तुत शोधकार्य बुद्धिसागरद्वारा लिखित *कर्नाली ब्लुज* (२०६७) उपन्यासको समाजभाषिक अध्ययन विश्लेषणमा केन्द्रित रहेको छ । यस उपन्यासको भौगोलिक आधार र पात्रहरूले प्रयोग गर्ने भाषाको लिङ्गगत, वर्गगत र पेसागत अवस्थाका आधारमा भाषिक स्थिति पत्ता लगाउनु यस शोधकार्यको मुख्य सीमा रहेको छ ।

## पारिभाषिक शब्दावली

समाजभाषिक : समाजको आधारमा भाषाको रूपलाई निर्धारण गर्नु ।

भाषिका : कुनै पनि भाषाको क्षेत्रीय भेद ।

भाषा : मनका भाव या विचार अरूछेउ प्रकट गर्ने सार्थक शब्द वा वाक्य ।

भाषिक समुदाय : कुनै एक भाषा बोल्ने मानिसहरूको समाज ।

कर्णाली (कर्नाली): (१) पश्चिम नेपालको प्रसिद्ध र ठूलो नदी, (२) सोही नदीका नाममा नामाकरण गरिएको अञ्चल; (तत्कालीन कर्णाली अञ्चल) । कर्णाली अञ्चललाई स्थानीय व्यक्तिहरूले भन्ने शब्द (कर्नाली) ।

## सारांश

प्रस्तुत शोधपत्रको पहिलो अध्याय अध्ययनको पृष्ठभूमिमा लेखकको सङ्क्षिप्त परिचय, उनका कृतिहरूको विवरण, उनले प्राप्त गरेका सम्मान तथा पुरस्कारहरू र

सामान्य रूपमा समाज भाषाविज्ञानको परिचय पनि उल्लेख छ । समस्याकथनमा *कर्नाली ब्लुज* उपन्यासलाई समाजभाषिक पद्दतिका विभिन्न उपकरण र प्रक्रिया अवलम्बन गरी विश्लेषण गर्ने भन्ने कुरालाई खुलाइएको छ । यसैगरी यस अध्यायमा अध्ययनको औचित्यअन्तर्गत यस कृतिको भौगोलिक आधारका साथै लिङ्गगत, वर्गगत र पेसागत आधारमा उपन्यासका पात्रहरूले प्रयोग गरिएका भाषिक स्वरूपको विश्लेषण गरिएको छ । नेपाली साहित्यअन्तर्गत आख्यान विधाको महत्त्वपूर्ण भूमिका रहेको हुनाले *कर्नाली ब्लुज* उपन्यासको समाजभाषिक अध्ययनका दृष्टिले गरिने यो अध्ययन नितान्त नवीन र मौलिक हुने भएकाले शोधको औचित्य पुष्टि गरिएको छ । यस कृतिलाई अन्य पक्षबाट विश्लेषण नगरी समाजभाषिक आधारमा भाषाको अध्ययनका साथै लिङ्गगत, वर्गगत र पेसागत आधारमा प्रयोग गरिएको भाषिक स्वरूपको आधारमा सीमित रही कृतिको विश्लेषण गरिएको कुरालाई सीमाङ्कनमा प्रस्तुत गरिएको छ । यसरी प्रस्तुत शोधपत्रको उपयोगिताअनुसार शोधको औचित्य र शोधले समेटेका कुराहरू सीमाङ्कन र अध्यायको सङ्क्षिप्त सारांश समावेश गरी पहिलो अध्याय सम्पन्न गरिएको छ ।

# अध्याय दुई
# सम्बन्धित कार्यको पुनरावलोकन

*कर्नाली ब्लुज* उपन्यासको समाजभाषिक अध्ययन शीर्षकको प्रस्तुत शोधसँग सम्बन्धित यस अघि गरिएका विभिन्न प्रकारका प्रायोगिक र सैद्धान्तिक पूर्वकार्यलाई दुई भागमा विभाजन गरी समीक्षाहरू निम्नानुसार प्रस्तुत गरिएको छ :

## सैद्धान्तिक पुनरावलोकन

बुद्धिसागरद्वारा लिखित *कर्नाली ब्लुज* उपन्यासको समाजभाषिक अध्ययन गर्ने समस्यामा प्रस्तुत अध्ययन केन्द्रित रहेको छ । समाजभाषासँग सम्बन्धित विभिन्न विद्वान्हरूद्वारा लिखित विभिन्न कृतिहरूको समीक्षालाई सैद्धान्तिक पुनरावलोकनको रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

अधिकारी (२०६५) द्वारा लिखित *सामाजिक र प्रायोगिक भाषाविज्ञान* नामक पुस्तकमा सामाजिक भाषाविज्ञानको परिचय, भाषिक समुदाय, भाषिक भेद, भाषाद्वैत, कोड परिवर्तन र कोड मिश्रण, भाषा योजना, नेपाली भाषाको मानकीकरण तथा आधुनिकीकरणको बारेमा चर्चा गरिएको छ । प्रस्तुत पुस्तकमा भाषाको समाजपरक अध्ययनलाई सामाजिक भाषाविज्ञान भनिन्छ । यसले भाषाको प्रयोग पक्षमा जोड दिन्छ भनी सामाजिक भाषाविज्ञानलाई विश्लेषण गरिएको छ । उक्त पूर्वकार्यको अध्ययनले प्रस्तुत शोधकार्य सम्पन्न गर्न र समाजभाषिक सिद्धान्तका आधारमा भाषिक स्थितिको विश्लेषण गर्न सहयोग पुऱ्याएको छ ।

भण्डारी र अन्य (२०७३) द्वारा लिखित *सामाजिक भाषाविज्ञान र मनोभाषाविज्ञान* नामक पुस्तकमा सामाजिक भाषाविज्ञान, भाषिक भेद, भाषानीति र योजना, नेपालको भाषिक स्थिति, सामाजिक भाषाविज्ञान, भाषा शिक्षणको बारेमा चर्चा गरिएको छ । प्रस्तुत पुस्तकमा सामाजिक भाषाविज्ञानले समाज र भाषाको सम्बन्ध, भाषिक समाज, भाषा नियोजन, भाषिक सम्पर्क, भाषाको मानकीकरण, आधुनिकीकरण, सामाजिक मिश्रणसँगै भाषाको मिश्रित रूपको अध्ययन, विश्लेषण र व्याख्या गर्दछ भनी सामाजिक भाषाविज्ञानको चर्चा गरिएको छ । उक्त पुस्तकले प्रस्तुत शोधकार्यमा समाजभाषिक सिद्धान्तका आधारमा समग्र उपन्यासको भाषाको अध्ययन विश्लेषण गर्न सहयोग पुऱ्याएको छ ।

ढकाल (२०७४) द्वारा लिखित *प्रायोगिकक भाषाविज्ञान* नामक पुस्तकमा सामाजिक भाषाविज्ञानको परिचय र परिभाषा, भाषा र समाजको सम्बन्ध, भाषिक समुदाय, भाषिक भेद, भाषा योजनाको बारेमा चर्चा गरिएको छ । प्रस्तुत पुस्तकमा सामाजिक भाषाविज्ञानको कुनै भाषाका खास क्षेत्रका भाषिक वक्तालाई केन्द्र बनाएर अध्ययनको थालनी गर्दछ तर भाषाको समग्रतालाई यसले आफ्नो अध्ययनको विषय बनाउँदैन भनी सामाजिक भाषाविज्ञानको व्याख्या गरिएको छ । उक्त पुस्तकको अध्ययनबाट भाषिक समस्या समाधानका उपायका साथै समाजभाषिक अध्ययन गर्न महत्त्वपूर्ण योगदान पुऱ्याएको छ ।

पौडेल (२०७४) द्वारा लिखित *प्रायोगिक भाषाविज्ञान* नामक पुस्तकमा सामाजिक भाषाविज्ञानको परिचय, भाषा र समाजको सम्बन्ध, भाषिक समुदाय, भाषिक भेदको बारेमा चर्चा गरिएको छ । प्रस्तुत पुस्तकमा भाषा सामाजिक व्यवहार र सम्प्रेषणको महत्त्व पूर्ण साधन वा साध्य हो र सामाजिक भाषाविज्ञानमा सामाजिक दृष्टिले भाषाका प्रयोजनपरक सन्दर्भहरूको अध्ययनमा जोड दिइन्छ भनी सामाजिक भाषाविज्ञानको विश्लेषण गरिएको छ । उक्त पुस्तकको अध्ययनबाट भाषा र समाजको सम्बन्ध पहिचान गर्न र समाजभाषिक अध्ययन गर्न सहयोग पुऱ्याएको छ ।

पौडेल र धामी (२०७४) द्वारा लिखित *सामाजिक र मनोभाषाविज्ञान* नामक पुस्तकमा सामाजिक भाषाविज्ञानको परिचय, परिभाषा, क्षेत्र, भाषाविज्ञान र सामाजिक भाषाविज्ञान, भाषा र समाज, भाषिक भेदहरू, भाषानीति, भाषायोजनाको बारेमा चर्चा गरिएको छ । उक्त पुस्तकमा भाषालाई प्रत्यक्ष रूपमा समाजका सन्दर्भसँग जोडेर यसको वैज्ञानिक अध्ययन गरिन्छ भने यसलाई नै सामाजिक भाषाविज्ञान भनिन्छ भनी उल्लेख गरेका छन् । यसका साथै यसले समाजसापेक्ष भाषाको बारेमा अध्ययन गर्छ भनी सामाजिक भाषाविज्ञानको व्याख्या गरेका छन् । उक्त पुस्तकको अध्ययनबाट भाषा र समाज, भाषिक भेदहरूको बारेमा जानकारी गर्नका साथै सामाजिक भाषाविज्ञानको बारेमा सैद्धान्तिक व्याख्या गर्न समेत सहयोग पुऱ्याएको छ ।

**प्रायोगिक पुनरावलोकन**

बुद्धिसागरद्वारा लिखित *कर्नाली ब्लुज* उपन्यासको समाजभाषिक अध्ययन गर्ने भन्ने मूल समस्यामा प्रस्तुत अध्ययन केन्द्रित रहेको छ । प्रस्तुत शोधको शीर्षक एवम् उद्देश्यसँग

सम्बन्धित यस अघिका भएगरेका विभिन्न शोधार्थीहरूको शोधपत्रको समीक्षालाई प्रायोगिक पुनरावलोकनको रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

अर्याल (२०६९) द्वारा *बलामी भाषाको समाज भाषिक विश्लेषण* शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधकार्यमा बलामी समुदायमा भाषा र संस्कृतिको बाहक बनेर संस्कृतिको परिचय गराउने काम भाषाले गर्दै आएको र यसैगरी बलामी समुदायमा भाषा र लैङ्गिक विभेदको स्थितिको अध्ययन गर्दा भाषामा यस्तो कुनै अन्तर नरहेको तथा बलामी भाषी समुदयमा कोड छनोटका विधिको अवस्था तथा सन्दर्भअनुसार फरकफरक कोड प्रयोग गरिएको साथै यस समुदायका अधिकांश सदस्यहरू द्विभाषिक रहेको निष्कर्ष निकालिएको पाइन्छ । यस शोधकार्यको अध्ययनले भाषाको वर्गगत र लिङ्गगत आधारमा भाषिक प्रयोगको स्थिति प्रस्तुत गर्न सहयोग पुऱ्याएको छ ।

डाँगी (२०६९) द्वारा *माइतघर उपन्यासको समाजभाषिक अध्ययन* शीर्षकमा शोधकार्य तयार पारिएको छ । उक्त अध्ययनमा *माइतघर* उपन्यासमा रहेका पात्रहरूमा वर्गीय भिन्नता नरहेको, सबै पात्रहरू समान रहेका, मानक भाषाको प्रयोग गरेका, उमेरका आधारमा भाषाहरू फरक रहेका, लैङ्गिक आधारमा महिलाले प्रयोग गर्ने भाषा र पुरुषले प्रयोग गर्ने भाषामा ध्वन्यात्मक गुण, शब्द भण्डारका दृष्टिमा प्रयोगपरक भेदहरू समेत देखिएको, शैक्षणिक दृष्टिकोणले स्तरीय र मानक भाषाको प्रयोग रहेको, भाषा सरल एवम् सहज रहेको, उपन्यासमा असफल प्रेमलाई दर्शाउनु र करुण पक्ष वा जनजीवनको चित्रण गरिएको निष्कर्ष निकालिएको पाइन्छ । यस शोधको अध्ययनबाट पात्रहरूले प्रयोग गर्ने भाषाको बारेमा जानकारी लिन सहयोग पुगेको छ ।

ढकाल (२०६९) द्वारा *नरेन्द्र दाइ उपन्यासको समाज भाषिक अध्ययन* शीर्षकमा शोधकार्य सम्पन्न गरिएको पाइन्छ । उक्त शोधकार्यमा वर्गीय विभेद व्यापक रूपमा रहेको, शिक्षित र अशिक्षितहरूको भाषिक प्रयोगमा भाषिक उच्चारण, शब्दचयन शैली र विषयवस्तुको प्रस्तुतीकरणमा विभिद रहेको, उमेरको आधारमा भाषाहरू फरक रहेको, लैङ्गिक आधारमा महिलाले प्रयोग गर्ने भाषा र पुरुषले प्रयोग गर्ने भाषामा ध्वन्यात्मक गुण, रङ्गभेद र शब्दभण्डारका दृष्टिमा प्रयोगपरक भेदहरू देखिएको, जातीय आधारमा भाषिक भेद रहेका जस्ता, निष्कर्षहरू निकालिएको छ । यस पूर्वकार्यको अध्ययनले उपन्यासमा

प्रयुक्त पात्रहरूले प्रयोग गर्ने भाषालाई लिङ्गगत आधारमा केकस्ता भिन्नता रहेका छन् भनेर जान्न सहयोग पुऱ्याएको छ ।

प्याकुरेल (२०७१) द्वारा *मुग्लान उपन्यासको समाजभाषिक अध्ययन* शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । उक्त शोधकार्यमा उच्चवर्ग र मध्यम वर्गका तुलनामा निम्न वर्गको भाषिका बढी प्रयोग भएको, भाषिक प्रयोगमा भेद नरहेको, स्थानीय भाषाको परिवेशले प्रभाव परेको, निराशावादी दृष्टिकोण, करुण र त्रासद् जनजीवनको चित्रण गरिनुका साथै ग्रामीण समाजको जनजिब्रोमा भिजेको उखानटुक्काहरू, निपात, अनुकरणात्मक तथा द्वित्व शब्दहरूको प्रयोगले भाषालाई आकर्षक र मिठास थपेको अनि भाषा प्रयोगमा शब्द चयनको प्रयोग सरल र सरस किसिमको रहेको निष्कर्ष निकालिएको छ । प्रस्तुत शोधकार्यको अध्ययनबाट भाषिक भेदको अध्ययन र सम्बन्धी सिद्धान्त निर्माणको लागि निकै नै उपयोगी रहेको छ ।

बोगटी (२०७१) द्वारा *लू उपन्यासको समाजभाषिक अध्ययन* शीर्षकमा शोधकार्य तयार गरिएको छ । उक्त शोधकार्यमा समाजभाषिक सिद्धान्तका आधारमा यस उपन्यासको भाषाशैलीको विश्लेषण गरेका छन् । अध्येताले उक्त उपन्यासमा पात्रहरूले प्रयोग गर्ने भाषाको लिङ्गगत, उमेरगत, जातिगत र शैक्षिक अवस्थाका आधारमा भाषिक प्रयोगको स्थिति पत्ता लगाउँदै उनीहरूले प्रयोग गर्ने भाषाका वर्गगत स्वरूपको व्याख्या र विश्लेषण गरेका छन् । उक्त अध्ययनमा पुस्तकालयीय अध्ययन विधिको प्रयोग गर्नुका साथै वर्णनात्मक विधिको प्रयोग गरिएको छ । यस उपन्यासमा ग्रामीण परिवेशको जीवन्त चित्रण रहेको र त्यहाँको वास्तविक यथार्थलाई छर्लङ्ग रूपमा देखाएको छ । अध्ययनका क्रममा उपन्यासमा प्रयुक्त पात्रहरूको वर्गीय आधारमा उच्चवर्ग र निम्नवर्गले प्रयोग गर्ने भाषामा भिन्नता रहेको । लिङ्गका आधारमा महिला र पुरुष, उमेरका आधारमा बाल, प्रौढ र बृद्ध लगायत शैक्षिक आधारमा शिक्षित र अशिक्षित पात्रहरूको भाषिक विश्लेषण गरी निष्कर्ष निकालिएको छ । उक्त शोधकार्यले प्रस्तुत शोधकार्यमा उपन्यासको सामाजिक भाषाको अध्ययन र विश्लेषण गर्न सहयोग पुगेको छ ।

बराल (२०७४) द्वारा *करोडौं कस्तुरी उपन्यासको समाजभाषिक अध्ययन* शीर्षकमा शोधकार्य सम्पन्न गरिएको पाइन्छ । उक्त अध्ययनमा सरल, सहज भाषाको प्रयोग गरेको,

लैङ्गिक आधारमा महिला र पुरुषले प्रयोग गर्ने भाषामा ध्वन्यात्मक गुण, शब्दभण्डार र प्रयोजनपरक भेदमा विभेद रहेको, यसै वर्गीय आधारमा उच्चवर्ग, मध्यमवर्ग र निम्नवर्गले प्रयोग गरेका भाषिक संवादमा भिन्नता रहेको, उमेरगत आधारमा बाल, युवा, प्रौढले प्रयोग गरेको भाषामा विाभेद भएको र शैक्षिक अवस्थाका आधारमा शिक्षित वर्गले मानक, स्तरीय र औपचारिक प्रकृतिको भाषाको प्रयोग गरेको तर अशिक्षित वर्गले अमानक भाषाको प्रयोग गरेका साथै नेपाली ग्रामीण समाजको यथार्थ जनजीवनको चित्रण गरिएको जस्ता निष्कर्ष निकालिएको छ । यस शोधकार्यको अध्ययनले पात्रहरूको वर्गगत, लिङ्गगत आधारमा प्रयोग गरिने भाषिक प्रयोगको बारेमा जानकारी लिन मद्दत गरेको छ ।

राउत (२०७२) द्वारा *फ्ल्यासब्याकमा जिन्दगी उपन्यासको समाजभाषिक अध्ययन* शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । उक्त शोधकार्यमा विभिन्न स्थानको भाषिक परिवेश रहेको, किशोरावस्थाका सकारात्मक तथा नकारात्मक पक्ष र यसबाट समाजमा पर्ने प्रभावको वर्णन गरिएको, हिन्दी भाषा र प्रशस्त मात्रामा अङ्ग्रेजी भाषाको प्रयोग भएको, लैङ्गिक रूपमा र शिक्षित तथा अशिक्षित वर्गले प्रयोग गर्ने भाषामा विभेद रहेको तर वर्गीय आधारमा उच्चवर्ग, मध्यमवर्ग र निम्नवर्गले प्रयोग गरेको भाषामा खासै फरक नरहेको निष्कर्ष निकालिएको छ । यस शोधको अध्ययनबाट स्थानगत भाषिक विभिन्नता, लैङ्गिक र शैक्षिक रूपमा प्रयोग हुने भाषाको विभेदको बारेमा जानकारी लिन सहयोग पुगेको छ ।

काफ्ले (२०७५) द्वारा *हारजित कथाको समाजभाषिक अध्ययन* शीर्षकमा शोधकार्य तयार गरिएको पाइन्छ । उक्त अध्ययनमा ग्रामीण परिवेशको बोलीचाली, रहनसहन बढी रहेको, कठिन शब्द र वाक्यहरू प्रयोग भएको, लैङ्गिक रूपमा भाषिक विभेदीकरण रही लामालामा वाक्यहरूको प्रयोग बढी भएको, वर्गीय विभेद व्यापक रूपमा रहेको, उमेरको आधारमा भाषिक प्रयोग फरक रहेको निष्कर्ष निकालिएको छ । उक्त पूर्वकार्य प्रस्तुत शोधकार्यको शीर्षकसँग मिल्दोजुल्दो रहेकोले यस शोधकार्यको शीर्षक चयन, प्रक्रिया निर्धारण तथा शोध विश्लेषणका लागि सहयोग पुगेको छ ।

पाल (२०७५) द्वारा *मयुर टाइम्स उपन्यासको समाजभाषिक अध्ययन* शीर्षकमा शोधकार्य तयार पारिएको पाइन्छ । उक्त शोधकार्यमा वर्गीय आधारमा विभेद रहेको, उच्च वर्गले प्रयोग गरेको भाषामा औपचारिकता रहेको, मानकता, आदेशात्मक र उच्च आदरको

प्रयोग भएको, त्यस्तै मध्यम वर्गको भाषिक स्थितिमा मानक शुद्ध र सामान्य आदरको प्रयोग रहेको तर निम्न वर्गको भाषिक प्रयोगमा अनादर, अशिष्ट, अनौपचारिकता रहेको, लैङ्गिक आधारमा पुरुषको भाषिक प्रयोगमा कठोरता, तार्किकता, पुलिङ्गी क्रियापदको प्रयोग भएको तर महिलाको भाषिक प्रयोगमा कोमलता, सरलता, स्त्रीलिङ्गी क्रियापदको प्रयोग भएको साथै भाषिक प्रयोगका दृष्टिले मानक, स्तरीय र व्याकरणसम्मत भाषाको बढी प्रयोग रहेको अनि थोरै मात्रामा स्थानीय भाषाको प्रयोग भएको निष्कर्ष निकालिएको छ । यस शोधको अध्ययनले प्रस्तुत शोधपत्रको पात्रगत र भाषागत संरचना निर्माण गर्न तथा भाषाको सैद्धान्तिक विश्लेषण गर्न सहयोग पुगेको छ ।

शर्मा (२०७५) द्वारा *तादी किनारको गीत उपन्यासको समाजभाषिक अध्ययन* शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । उक्त शोधकार्यमा सरल र सहज भाषाको प्रयोग भएको, वर्गीय आधारमा उच्च र निम्नवर्गको भाषाको प्रयोग भएको, शिक्षित र अशिक्षितहरूको भाषिक प्रयोगमा शिक्षित वर्गले प्रयोग गरेको भाषाको वाक्यगठन मिलेको, आदरयुक्त, दर्शनयुक्त तथा नैतिक शिक्षामूलक भाषिक अभिव्यक्ति रहेको तर अशिक्षित वर्गको भाषिक प्रयोगमा परम्परावादी सोच, रूढीवादी विचार, रूखो तथा गालीगलौचपूर्ण एवम् ग्रामीण थेगोयुक्त भाषाको प्रयोग हुनुका साथै लैङ्गिक रूपमा महिला र पुरुषको भाषिक प्रयोगमा धेरै भिन्नता नरहे तापनि शब्दभण्डारका तहमा र क्रियाको प्रयोगमा भिन्नता रहेको निष्कर्ष निकालिएको छ । यस शोधको अध्ययनबाट सैद्धान्तिक प्रारूप तयार गर्न तथा भाषिक प्रयोगको बारेमा व्याख्या तथा विश्लेषण गर्न सहयोग पुगेको छ ।

समग्रमा भन्नुपर्दा, शोधार्थी तथा लेखकहरूले पहिले गरेका अध्ययन तथा कृतिका माध्यमबाट समाजका विभिन्न पक्षलाई समेटेर समाजभाषिक अध्ययन गरिएको पाइन्छ । यसैले समाजभाषिक शीर्षकसँग सम्बन्धित उल्लिखित सम्बन्धित पुनरावलोकनहरूको अध्ययनबाट यस शोधकार्यलाई विभिन्न सामाजिकभाषासँग सम्बन्धित विविध विषयहरूको अध्ययन गर्न मार्गदर्शन प्राप्त भएको छ । अहिलेसम्म *कर्नाली ब्लुज* उपन्यासको समाजभाषिक अध्ययन नभएकाले यस शीर्षकमा अनुसन्धान गर्न आवश्यक ठानी उल्लिखित पूर्वकार्यहरूको सहयोग लिई *कर्नाली ब्लुज उपन्यासको समाजभाषिक अध्ययन* शीर्षकमा यस उपन्यासको समाजभाषिक अध्ययन गरिएको छ

## अनुसन्धानमा सम्बन्धित कार्यको पुनरावलोकनको अनुप्रयोग

कुनै पनि अध्ययन तथा अनुसन्धान गर्नुभन्दा पहिले गर्न लागिएको शीर्षक तथा अध्ययनको उद्देश्यसँग सम्बन्धित विषयमा लेखिएका शोधअनुसन्धान, विभिन्न ग्रन्थ, अनुसन्धानात्मक पत्रिका तथा अन्य सामग्री पढेर, सुनेर, अध्ययन, मनन गरेर र नै तिको सङ्क्षिप्त टिप्पणीमूलक समीक्षा गर्नु नै सम्बन्धित कार्यको पुनरावलोकनको अनुप्रयोग हो । पूर्वकार्यको समीक्षाले अध्ययन, अनुसन्धानलाई उपलब्धिमूलक बनाउनुका साथै सम्बन्धित विषयमा पूर्व विज्ञ बन्न मद्दत गरेको हुन्छ । बुद्धिसागरद्वारा लिखित *कर्नाली ब्लुज* उपन्यासको समाजभाषिक अध्ययन गर्ने क्रममा समाजभाषिक विषयसँग सम्बन्धित रहेर धेरैजसो आख्यन विधामा अध्ययन, अनुसन्धान भएको पाइन्छ, जसले गर्दा यस उपन्यासका समाजभाषिक अध्ययन गर्न सघाउ पुऱ्याएको देखिन्छ । कुनै पनि अध्ययन गर्दा गरिने पूर्वकार्यको अवलोकनको अनुप्रयोगले शोधार्थी तथा अध्येतालाई आफूले गर्न लागेको शोध या अध्ययनको शीर्षक चयन गर्न, गर्न लागिएको विषयसँग सम्बन्धित विभिन्न समस्याहरूलाई राम्ररी बुझेर त्यसलाई कसरी समाधान गर्ने भन्ने बारेमा जानकारी लिन, शोधसँग सम्बन्धित सैद्धान्तिक पृष्ठभूमि प्रदान गर्न, अध्ययन गर्ने क्रममा हुने त्रुटिहरू दोहोरिन नदिनुका साथै सम्भावित त्रुटिहरूबाट जोगिन, अध्ययनकार्यलाई सत्य र तथ्ययुक्त बनाउन नयाँ एवम् उपयुक्त प्रविधि अपनाउन, समस्याको औचित्य स्थापित गर्न सहयोग पुऱ्याउँछ । यसका साथै पूर्वकार्यको पुनरावलोकनको अनुप्रयोगले शोधार्थीलाई आफ्नो शोधमा गर्नुपर्ने आवश्यक कार्यलाई कसरी निश्चित गन्तव्यमा पुऱ्याउन सकिन्छ भनेर पत्ता लगाउन सहयोग पुऱ्याउँदछ ।

## समाज भाषाविज्ञानको सैद्धान्तिक अवधारणा

मानिस सामाजिक प्राणी हो । मानिसलाई सामाजिक व्यक्तिका रूपमा स्थापित गराउने सशक्त माध्यम नै भाषा हो । कुनै पनि समाजको चालचलन, रीतिरिवाज, परम्परा र संस्कृतिको संवहन भाषाले गर्दछ । समाजको स्तरअनुसार भाषाको प्रयोग पनि भिन्नभिन्न ढङ्गमा हुन्छ । विभिन्न वर्गका व्यक्तिहरूले बोल्ने भाषामा देखिने भिन्नताले पनि भाषा र समाजका बीचको सम्बन्ध प्रष्टिन्छ । यही समाज र भाषाका बीचको अन्तर्सम्बन्धका कारण नै यी दुईलाई अलगअलग गरेर हेर्न मिल्दैन भन्ने अवधारणा विकसित भई सामाजिक भाषाविज्ञानको जन्म भएको हो । फलतः समाज र भाषाका बीचको अन्तर्सम्बन्धको अध्ययन

नै सामाजिक भाषाविज्ञान हो । भाषालाई प्रत्यक्ष रूपमा समाजका सन्दर्भसँग जोडेर यसको वैज्ञानिक अध्ययन गरिनुलाई समाज भाषाविज्ञान भनिन्छ । भाषा सामाजिक सम्पर्कको प्रमुख माध्यम हो । भाषाले विचार विनिमयको काम मात्र नगरी एक-आपसमा समझदारी कायम गर्ने, कार्यसञ्चार गर्ने, सम्बन्ध बढाउने आदि काम गरेको हुन्छ । समाजबिना भाषाको कुनै पनि किसिमका अध्ययन पूर्ण नहुने भएकाले भाषाको महत्त्व सामाजिक धरातलसम्म रहन्छ । भाषाविज्ञानको एक नयाँ शाखाको रूपमा समाज भाषाविज्ञानलाई लिइन्छ । समाज भाषाविज्ञानले भाषा र समाजको सम्बन्धदेखि लिएर भाषाको समाज सापेक्ष अध्ययन गर्छ । यसले भाषाको भाषाको सामाजिक व्यवहर र समाजमा भाषिक विविधताको उपव्यवस्थालाई पनि सूक्ष्म रूपमा केलाउँछ । यसको चर्चा यसप्रकार गरिएको छ :

## सैद्धान्तिक पृष्ठभूमि

सामाजिक भाषाविज्ञान प्रायोगिक भाषाविज्ञानको एउटा शाखा हो । सामाजिक भाषाविज्ञानमा समाजमा आधारित रहेर त्यस समाजमा बोलिने भाषाको प्रयोग, विकास र परिवर्तनजस्ता कुराहरूको अध्ययन गरिन्छ । समाजमा विभिन्न जातजाति, भाषाभाषी, धर्म, संस्कृति, रहनसहन, वर्ग, लिङ्ग, उमेर भएका मानिसहरूको उपस्थिति रहेको हुन्छ । समाजमा हुने यस्ता विविधताले भाषा बोलाइ र सिकाइमा प्रत्यक्ष तथा अप्रत्यक्ष प्रभाव पार्ने हुनाले सामाजिक भाषामा पनि विभिन्न प्रकारका भेदहरू देखापर्दछन् । सामाजिक भाषाविज्ञानको बारेमा विद्वान् भण्डारी र अन्यले निम्नानुसार व्याख्या गरेका छन् :

> सन् १९३१ मा प्रकाशित एल. लकहार्टको कृति *वर्ड इकोनोमी : एन एस्से इन अप्लाइड लिङ्ग्विस्टिक्स*मा सर्वप्रथम अप्लाइड लिङ्ग्विस्टिक्स शब्दको प्रयोग भएको थियो । अप्लाइड लिङ्ग्विस्टिक्स अर्थात् 'प्रायोगिक भाषाविज्ञान' शब्दले स्वतन्त्र विषयका रूपमा सन् १९४६ मा अमेरिकाको मिसिगन विश्वविद्यालयबाट मान्यता प्राप्त गर्‍यो । यही प्रायोगिक भाषाविज्ञानको अध्ययन र विकासका क्रममा सामाजिक भाषाविज्ञानको विकास भएको हो । अङ्ग्रेजी शब्द सोसियो लिङ्ग्विस्टिक्सको नेपाली रूपान्तरण नै 'सामाजिक भाषाविज्ञान' हो । "सोसियो लिङ्ग्विस्टिक्स" शब्दको प्रयोग सर्वप्रथम १९५२ मा हावेर सी. क्युरीबाट भएको हो । सन् १९६० पछि प्रायोगिक भाषाविज्ञानका अध्येताहरूले समाज भाषाविज्ञानको अध्ययनतर्फ रुचि राखे र सन् १९६९-७० को दशकमा सामाजिक भाषाविज्ञान

> स्वतन्त्र विषयका रूपमा विकसित हुन पुग्यो । फर्थले आफ्नो सिद्धान्त 'स्थितिको प्रसङ्ग' मा सामाजिक विज्ञानमा जस्तै मानिसको भाषिक व्यवहारका क्रियाकलापहरूलाई समाजमा आधारित भएर हेर्नुपर्छ भन्दै भाषाको सामाजिक पक्षलाई महत्त्व दिएका छन् । फर्थको भाषालाई सामाजिक सन्दर्भमा हेर्ने दृष्टिकोणसँग ह्यालिडे, मिचेजस्ता विद्वान् सहमत हुन पुगेका छन् । (२०७३, पृ. २)

माथिको भनाइलाई हेर्दा 'प्रायोगिक भाषाविज्ञान' ले स्वतन्त्र विषयको रूपमा मान्यता प्राप्त गऱ्यो र यसैको अध्ययन र विकासका क्रममा सामाजिक भाषाविज्ञानको विकास भएको हो । यस्तै विद्वान् ह्यालिडे, मिचे आदिका अनुसार भाषालाई सामाजिक सन्दर्भमा हेर्नु नै सामाजिक भाषा विज्ञान हो भनेर बुझ्न सकिन्छ । यसैगरी प्रायोगिक भाषाविज्ञानको बारेमा अर्का विद्वान् पौडेलले आफ्नो भनाइलाई निम्नानुसार प्रकट गरेका छन् :

> प्रायोगिक भाषाविज्ञान भाषा विज्ञानकै एक महत्त्वपूर्ण एवम् स्वतन्त्र शाखा हो । यसमा भाषाविज्ञानका सैद्धान्तिक क्षेत्रमा उपलब्ध विविध सैद्धान्तिक मान्यता र विधिहरूका माध्यमले भाषिक व्यवहारमा देखिएका समस्याहरूको प्रयोगपरक व्याख्या र विश्लेषण गरिन्छ । भाषाका प्रायोगिक पक्षहरू; जस्तै : भाषा शिक्षण, भाषिक मूल्याङ्कन, भाषिक पाठ्यसामग्री, भाषा पाठ्यक्रम, सामाजिक भाषाविज्ञान, भाषा योजना, मनोभाषाविज्ञान, कोशविज्ञान, अनुवाद अध्ययन, सङ्कथन विश्लेषण, शैलीविज्ञान, व्यतिरेकी विश्लेषण, त्रुटि विश्लेषण, शैक्षणिक व्याकरण, भाषिक यन्त्र प्रविधि, भाषिक उपचारात्मक शिक्षा आदि भाषासित सम्बन्धित समग्र पक्षहरूसँग प्रायोगिक भाषाविज्ञानको अध्ययन अन्तर्सम्बन्धित हुन्छ । (२०६९, पृ. २)

माथिको भनाइलाई हेर्दा सामाजिक भाषाविज्ञान प्रायोगिक भाषाविज्ञानकै एक महत्त्वपूर्ण एवम् स्वतन्त्र शाखा हो । यसमा भाषाविज्ञानको सैद्धान्तिक मान्यता र विधिहरूको माध्यमले भाषिक व्यवहारमा देखिएका समस्याहरूको प्रयोगपरक व्याख्या र विश्लेषण गर्न गरिन्छ भन्ने बुझ्न सकिन्छ । सामाजिक भाषाविज्ञानको बारेमा आफ्नो व्यवहारलाई प्रस्तुत गर्ने क्रममा अधिकारीले निम्नानुसार व्याख्या र विश्लेषण गरेका छन् :

> सामाजिक भाषाविज्ञानले भाषालाई सामाजिक व्यवहार ठान्दछ । भाषाजनित सामाजिक समस्याहरूको अध्ययनका सिलसिलामा सामाजिक भाषाविज्ञानको जन्म

> भएको हो । भाषावैज्ञानिक अध्ययनको क्षेत्रमा सन् १९३० को दशकदेखि १९५० को दशकसम्म संरचनावादी र सन् १९६० को दशकमा रूपान्तरणवादी भाषावैज्ञानिक पद्धतिहरू प्रभावशाली रूपमा देखा परे । यिनले भाषाको संरचना पक्षको विस्तृत र गहन अध्ययन प्रस्तुत गरे तर यस्ता अध्ययनमा भाषाबाट उत्पन्न सामाजिक तथा शैक्षिक पछौटेपनलाई बेवास्ता गरिएकाले समाजपरक अध्ययनलाई महत्त्व दिने भाषाविद् तथा समाजवैज्ञानिकहरू भाषाको संरचनापरक अध्ययनबाट असन्तुष्ट हुन थाले । फलस्वरूप सन् १९७० को दशकतिर भाषाको समाजपरक अध्ययनले महत्त्व पाउन थाल्यो । यसैक्रममा हाइम्सले चम्स्कीको भाषिक सामर्थ्यका विरुद्ध सम्प्रेषणात्मक सामर्थ्यको अध्ययनको महत्त्वलाई उजागर गरे । यसरी सामाजिक भाषाविज्ञानको इतिहास त्यति लामो छैन तर पनि विगत तीन दशकको छोटो समयमा नै यसले भाषाविज्ञानको विकसित शाखाका रूपमा आफ्नो स्पष्ट पहिचान बनाइसकेको छ । (२०६६, पृ. ४)

माथिको भनाइलाई हेर्दा सामाजिक भाषाविज्ञानको प्रारम्भ र त्यसको बारेमा विभिन्न समयमा प्रादुर्भाव भएका रूप तथा पद्धतिहरूको बारेमा जानकारी पाउन सकिन्छ । यस्ता रूप तथा पद्धतिहरूमा संरचनावादी, रूपान्तरणवादी एवम् समाजपरक अध्ययन रहेका छन् । यसरी छोटो समयमा नै प्रायोगिक भाषाविज्ञानको विकसित शाखाको रूपमा सामाजिक भाषाविज्ञानले आफ्नो स्पष्ट पहिचान राख्न सकेको देखिन्छ ।

**समाज भाषाविज्ञानको परिचय**

भाषाको समाजपरक अध्ययनलाई सामाजिक भाषाविज्ञान भनिन्छ । सामाजिक दृष्टिले भाषाको अध्ययन सामाजिक भाषाविज्ञानमा हुन्छ । समाज भाषाविज्ञानको बारेमा भण्डारी र अन्यले आफ्ना मत निम्नानुसार प्रस्तुत गरेका छन् :

> सामाजिक भाषाविज्ञान भाषाको समाजपरक अध्ययन हो । समाजबिना भाषाको कुनै पनि किसिमको अध्ययन पूर्ण नहुने भएकाले भाषाको महत्त्व सामाजिक धरातलसम्म रहन्छ । भाषा मानव समुदायको अत्यन्त आवश्यक वस्तु भएकाले यसकै माध्यमबाट मानिसले आफ्ना सम्पूर्ण कार्यव्यवहार सञ्चालन गरेको हुन्छ ।

> त्यसैले भाषालाई सामाजिक वस्तु भनिएको हो । समाजविना भाषाको अस्तित्व नै रहँदैन भने समाजको विकाससँगै भाषाको पनि विकास हुँदै जान्छ र समाजअनुसार भाषाको प्रयोग फरकफरक हुन्छ । यसरी सामाजिक दृष्टिले भाषाको अध्ययन गर्ने विधा नै सामाजिक भाषाविज्ञान हो । वस्तुतः भाषा सामाजिक सम्प्रेषण एवम् व्यवहारको महत्त्वपूर्ण र प्रभावकारी अध्ययन भएकाले यसले भाषाको प्रयोग पक्षलाई विशेष जोड दिन्छ । (२०७३, पृ. २)

यसरी सामाजिक भाषाविज्ञानले भाषा र समाजको सम्बन्धदेखि लिएर भाषाको समाजसापेक्ष अध्ययन गर्छ । यसले भाषाको सामाजिक व्यवहार र समाजमा भाषिक विविधताको अवस्थालाई पनि सूक्ष्म रूपमा केलाउँछ । यसले कुन समाजमा कस्तो भाषाको प्रयोग गरिएको छ, यसको पहिचान गर्ने कामसमेत गर्छ । पौडेल र धामी (२०७६) भन्छन् - “सामाजिक भाषाविज्ञानले भाषालाई सिद्धान्तका रूपमा नहेरेर यसको प्रायोगिक पक्षका आधारमा वैज्ञानिक अध्ययन गर्छ । यसले समाजका विविध सन्दर्भसँग जोडिएर भाषाको स्तरीय रूपलाई सूक्ष्म अध्ययन गर्छ । यसरी यसले समाजका आधारमा भाषाको स्वरूपलाई अध्ययन गर्छ (पृ. ५) । प्रायोगिक भाषाविज्ञानका विभिन्न शाखाहरूमध्ये समाज भाषाविज्ञान एउटा नवीन शाखा हो । समाज भाषाविज्ञानको सम्बन्धमा अधिकारी (२०६५) भन्छन् - “सामाजिक दृष्टिले भाषाको अध्ययन सामाजिक भाषाविज्ञानमा हुन्छ । तसर्थ यस्तो अध्ययनमा भाषाको प्रयोगपरक अध्ययनमा जोड दिइन्छ । भाषा सामाजिक सम्प्रेषण एवम् व्यवहारको महत्त्वपूर्ण र प्रभावकारी अध्ययन भएकाले पनि समाजमा यसको के-कस्ता सन्दर्भमा र कसरी प्रयोग हुन्छ भन्ने कुराको अध्ययन जरुरी हुन्छ” (पृ. ३) । माथिको भनाइलाई हेर्दा समाज भाषाविज्ञानको अध्ययन जरुरी हुन्छ । सामाजिक भाषाविज्ञानले भाषाको प्रयोगपक्षमा जोड दिइने हुँदा यसको एकीकृत अध्ययन हुन्छ । यसले भाषातत्त्वहरूको अलगअलग वा सन्दर्भविहीनलाई महत्त्व नदिई भाषाप्रयोगको सन्दर्भ र कार्यमा ती तत्त्वहरूले पारेको प्रभावको वर्णनमा आफ्नो ध्यान केन्द्रित गर्दछ ।

सामाजिक भाषाविज्ञानले भाषिक अध्ययनलाई सामाजिक परिप्रेक्ष्यमा गतिशील र परिवर्तनशील हुन्छ भन्ने धारणा राख्दै भाषाको सामाजिक कोणबाट व्याख्या, विश्लेषण र निष्कर्ष निकाल्ने भाषिक अध्ययन सामाजिक भाषाविज्ञान हो । सामाजिक भाषाविज्ञानले समाज र भाषाको सम्बन्ध, भाषिक समाज, भाषा निरपेक्ष, भाषिक सम्पर्क, भाषाको

मानवीकरण, आधुनिकीकरण, सामाजिक मिश्रणसँगै भाषाको मिश्रित रूपको अध्ययन, विश्लेषण र ब्याख्या गरी भाषाको मूल्याङ्कन गर्दछ । भाषाको सामाजिक कार्य, समाजमा भाषिक प्रयोगको स्थिति, भाषा र समाजको सम्बन्ध, भाषिक समुदायको पहिचान, भाषा र संस्कृतिको सम्बन्ध आदिका बारेमा अध्ययन गर्ने भाषाविज्ञानको महत्त्वपूर्ण शाखा नै सामाजिक भाषाविज्ञान हो । यसैले सामजमा रहेका व्यक्तिको वर्गगत, लिङ्गगत, पेसागत, शैक्षिक, जातीय, आर्थिक, राजनैतिक आदि सामाजिक तत्त्वहरूसँग सम्बन्धित भाषाको अध्ययन समाज भाषाविज्ञान हुनेगर्छ ।

**समाज भाषाविज्ञानको क्षेत्र**

सामाजिक भाषाविज्ञानले भाषालाई सामाजिक व्यवहार मान्दछ । यसले भाषालाई प्रयोग पक्ष र प्रयोक्ता पक्ष आदिको विविध आयामबाट पहिल्याउने काम गर्छ । समाज भाषाविज्ञानको क्षेत्रको बारेमा अधिकारीले निम्नानुसार व्याख्या गरेका छन् :

> यस क्रममा समाजमा भाषिक समुदायहरूको पहिचान, भाषाबाट समाजको अपेक्षा (भाषाको आधुनिकीकरण, मानकीकरण/स्तरीकरण), एकअर्को भाषामा देखापर्ने प्रभाव, भाषिक भेद (स्थानीय, क्षेत्रीय, वर्गीय, जातीय, पेसागत) आदि समाजमा बोलिने विभिन्न भाषाहरूका बीचको मम्बन्ध (सम्पर्कभाषा, मातृभाषा, प्रभावशाली भाषा, अल्पसङ्ख्यकको भाषा, उच्च र निम्न वर्गीय भाषा, भाषाको अपसरण, भाषा अपक्षय) आदिको अध्ययन हुन्छ साथै भाषाहरूको प्रयोगको समाजभाषिक स्थिति ( एकभाषिकता, द्विभाषिकता, बहुभाषिकता, भाषाद्वैत), भाषिक अभिवृत्ति, भाषाको विकासका लागि भाषानीति तथा भाषायोजनाका विषयमा पनि सामाजिक भाषाविज्ञानको चर्चा हुन्छ । (२०६६, पृ. ५)

माथिको भनाइबाट बुझ्न सकिन्छ कि समाज भाषाविज्ञानको माध्यमबाट एकअर्को भाषामा देखापर्ने प्रभाव, भाषिक भेद, समाजभाषिक स्थिति, भाषानीति तथा भाषायोजनाको बारेमा अध्ययन गर्न सकिन्छ । सामाजिक भाषाविज्ञान भाषा र समाजबीचका विविध सम्बन्धको अध्ययन भएकाले यसको अध्ययन क्षेत्र व्यापक छ । यसको बारेमा भण्डारी र अन्यले निम्नानुसार व्याख्या गरेका छन् :

> सामाजिक भाषाविज्ञानको अध्ययन क्षेत्रका बारेमा विद्वान्हरूका बीचमा मतमतान्तर पाइन्छ । मतमतान्तरकै बीचबाट साझा निष्कर्षमा पुग्दा सामाजिक भाषाविज्ञानका क्षेत्रहरू यस किसिमका रहेका छन् । भाषाको सामाजिक पक्षको विश्लेषण गर्नु, भाषिक समुदायको पहिचान गर्नु, भाषाको मानकीकरण, आधुनिकीकरण र स्तरीकरण गर्नु, भाषाका सामाजिक भेद, प्रयुक्तिगत भेद, भाषामा देखिने परिवर्तन, द्विभाषिकता, बहुभाषिकता, भाषाद्वैत, भाषिक अभिवृत्ति, भाषिक विकास, भाषा र भाषिका निर्धारण आदिको अध्ययन गर्नु, भाषाको विकासका निम्ति भाषानीति र भाषा योजनाको निर्माण गर्नु, समाजमा बोलिने विभिन्न भाषाहरूका बीचको सम्बन्ध केलाउनु, भाषिक विविधता । भाषिक भेद र उपभेदको अध्ययन गर्नु, भाषिक आगमन, लोप, स्थानान्तरणको अध्ययन गर्नु, समाज र भाषाको सम्बन्ध, भाषाको समाज, भाषिक सम्पर्क, कोड मिश्रण र कोड परिवर्तनको अध्ययन गर्नु, सामाजिक मिश्रणका आधारमा देखापर्ने भाषिक मिश्रणको अध्ययन गर्नु । (२०७३, पृ. ५)

माथिका भनाइलाई हेर्दा सामाजिक भाषाविज्ञान विविध विषयसँग सम्बन्धित भए पनि वर्तमानमा यो एउटा स्वतन्त्र शाखाका रूपमा विकसित भएको छ भनेर बुझ्न सकिन्छ । सामाजिक भाषाविज्ञानले भाषाको सामाजिक व्यवहारको अध्ययन गर्ने भएकाले समाजमा प्रयोगमा आएका भाषासँग सम्बन्धित विविध पक्षहरूका बारेमा अध्ययनको चासो यसले लिएको देखिन्छ । यसरी सामाजिक भाषाविज्ञान विभिन्न विषयक्षेत्रसँग सम्बन्धित भएकाले यसलाई भाषाविज्ञानको बहुवैषयिक विधा पनि भनिन्छ । यसैले भाषा प्रयोग गर्दा समाजमा देखिएका भेद तथा उपभेदहरूको अध्ययन गर्ने भएकाले उल्लिखित सबै कुराहरू समाजभाषाको क्षेत्र हो ।

**भाषिक भेद :** भाषा सामाजिक व्यवहारको महत्त्वपूर्ण माध्यम हो । भाषा विभिन्न परिस्थितिमा विभिन्न प्रयोजनका लागि प्रयोग गरिने भएकाले यसका विभिन्न भेदहरू पाइन्छन् । मूलतः एउटै भाषामा प्रचलित विविध रूपलाई नै भाषिक भेद भनिन्छ । नेपाल विविध धर्म, संस्कृति, रीतिरिवाज, परम्परा, मूल्य र मान्यता भएको देश हो । यसैले यो देश बहुभाषिक, बहुजातीय, बहुसांस्कृतिक राष्ट हो । यहाँ विभिन्न भाषाभाषी, धर्म, सम्प्रदाय, जातजाति, पेशाव्यवसाय गर्ने मानिसहरूको

बसोबास रहेको छ भने हिमाल, पहाड र तराईमा भिन्नभिन्न प्रकारको भौगोलिकता रहेको छ । विविध भौगोलिक स्थानमा बसोबास गर्ने मासिहरूको बोल्ने भाषामा पनि विभिधता रहेको छ । भिन्न जातजातिका आआफ्नै भाषा भए तापनि नेपाली भाषालाई सम्पर्क भाषाको रूपमा राखिएको छ । सबै क्षेत्रमा बसोबास गर्ने भाषाभाषीले भिन्नभिन्न प्रकारको भाषाको प्रयोग गर्ने भएकाले भाषिक भेद प्रष्ट रूपमा देख्न सकिन्छ । यसै सन्दर्भमा भण्डारी र अन्यले भनेका छन् :

> एउटै भाषिक समाजका व्यक्तिहरूको भाषिक उच्चारण अर्थात् ध्वनि, वर्ण, शब्द, पदावली, वाक्य, उपवाक्य र अर्थमा भेद देखिनुलाई भाषिक भेद भनिन्छ । एउटै भाषामा देखिने भिन्नता नै वास्तवमा भाषिक भेद हो । व्यक्तिभाषा, जातिभाषा, राजनैतिक भाषा, साहित्यिक भाषा, सामान्य भाषा, औपचारिक भाषा, अनौपचारिक भाषा, मानक भाषा, स्थानीय भाषा आदि भाषाका स्तरमा एउटै भाषाका विभिन्न पक्षहरू देखिन्छन् । यसैलाई भाषिक भेद भनिन्छ । कुनै पनि भाषामा वक्ता, श्रोता, सन्दर्भ, विषय, अवसर, क्षेत्र, समय आदि विविध आधारमा विभिन्न भाषिक भेदको निर्माण भएको हुन्छ । बोधगम्यता, स्थानीयताको प्रभाव, निश्चित भौगोलिक सीमा, स्थानीय बोलीको प्रभाव, अनौपचारिक स्वभाव जस्ता कुराहरू भाषिकामा भेटिन्छन् । (२०७३, पृ. २४)

माथिको भनाइलाई हेर्दा भाषिक भेद भनेको भाषिक तत्त्वहरूमा हुने भेद हो । यस्तो भेद कुनै पनि समाजमा रहेका मानिसहरूमा रहेको हुन्छ । भाषा र समाज परिवर्तनशील हुन्छन् । यसरी परिवर्तन हुनुमा कुनै न कुनै कारणहरू रहेका हुन्छन् । समयगत र स्थानगत कारणले भाषामा गतिशीलता आउँछ । कुनै एक क्षेत्रमा बोलिने कुनै भाषा अर्को क्षेत्रमा बोलिने त्यही भाषाभन्दा भिन्न हुने गर्दछ । यसरी एउटै भाषामा देखिने भिन्नभिन्न रूप वा स्वरूपलाई भाषिक भेद भन्न सकिन्छ । यसरी विभिन्न स्थान र समाजमा एउटै भाषामा पनि विभिन्न प्रकारका भेद हुनुमा विभिन्न कारणहरू रहेका छन् ।

यस्तो हुनुका कारणहरूमा “भौगोलिकता, भाषाद्वीपको स्थिति, समयसम्बन्धी अन्तराल, यातायातको कठिनाइ, चेतनाको स्तर, पारस्परिक बोधगम्यता, विषय, प्रसङ्ग र

पेसागत विविधता, सञ्चार साधनको विकास, भाषिक इतिहास, जनसङ्ख्या, सामाजिकता, वैयक्तिकता, प्रयोजनपरकता आदि रहेका छन्" । (भण्डारी र अन्य, २०७३, पृपृ. २५-२७) ।

माथिका भनाइहरूलाई हेर्दा कुनै एक क्षेत्रमा बोलिने भाषा कुनै अर्को क्षेत्रमा बोलिने त्यही भाषाभन्दा भिन्न हुने गर्दछ । यसरी एउटै भाषामा देखिने भिन्नभिन्न रूप वा बोलिने स्वरूपलाई भाषिक भेद भन्न सकिन्छ ।

***भाषाको सामाजिक भेद :*** भाषा र समाजको अपरिहार्य सम्बन्ध हुन्छ र विभिन्न स्थानमा बस्ने मानिसहरूले एउटै भाषा बोले पनि त्यसमा कुनै न कुनै भेद रहेको हुन्छ । यसरी एउटै भाषामा अन्तर आउनुमा त्यहाँको सामाजिक परिवेश र स्थानीयताले ठूलो प्रभाव पारेको हुन्छ । यसरी भाषा प्रयोगको क्षेत्र समाज हुनु र समाजमा विभिन्न वर्गका व्यक्तिहरूको बसोबास हुने भएकाले भाषा र भाषिकाको प्रयोगमा विभिन्न प्रकारका भेदहरूको सिर्जना हुन जान्छ । भाषाको सामाजिक भेदलाई प्रष्ट पार्दै भण्डारी र अन्यले भनेका छन् :

> भाषाको प्रयोगक्षेत्र समाज हो । भिन्न-भिन्न ठाउँको सामाजिक संरचना भिन्नभिन्न हुन सक्छ अर्थात् हरेक समाजको आफ्नै संरचनागत व्यवस्था हुन्छ । सामाजिक अवस्था विभिन्न जाति, धर्म, व्यवसाय, लिङ्ग, उमेर आदि विभिन्न आधारमा निर्मित हुन्छ र भाषा पनि यही वर्गमा आधारित हुन्छ । यही सामाजिक संरचनाअनुसार भाषामा देखिने भेद नै सामाजिक भेद वा सामाजिक भाषिका भेद हो । सामाजिक भेदको निर्माणमा शिक्षा, राजनैतिक चेतना, सांस्कृतिक सन्दर्भ आदिको पनि महत्त्वपूर्ण भूमिका रहन्छ । समाजको संरचना, शिक्षाको स्थिति, जातीयता आदिका कारण सामाजिक भेद निर्माण भएका हुन सक्छन् । क्षेत्रीय भेदमा भाषिक भेदको एउटै तह र दिशा हुन्छ भने सामाजिक भेदमा एउटै भेदभित्र पनि विभिन्न भेदका उपभेदहरू फेला पर्छन् तसर्थ सामाजिक भेद क्षेत्रीय भेदभन्दा निकै जटिल हुन्छ । जुन समाज सामाजिक दृष्टिले जटिल एवम् बहुविध प्रकृतिको छ त्यसले प्रयोग गर्ने गरेको भाषाको भाषिक भेदमा पनि बढी भेद र विविधताहरू पाइन्छन् । (२०७३, पृ. ३१)

माथिको भनाइलाई हेर्दा भन्न सकिन्छ कि कुनै पनि भिन्न-भिन्न ठाउँको सामाजिक संरचना भिन्नभिन्न हुन सक्छन् । त्यहाँका सामाजिक अवस्था पनि भिन्नभिन्न प्रकारका हुनुका साथै विभिन्न जाति, धर्म, व्यवसाय, लिङ्ग, उमेर आदि विभिन्न आधारमा निर्मित हुन्छन् र त्यसैअनुसार त्यहाँ बोलिने भाषा पनि त्यहीअनुरू प्रयोग भएको हुन्छ यही सामाजिक संरचनाअनुसार भाषामा देखिने भेद नै सामाजिक भेद वा सामाजिक भाषिका भेद  हो । भाषामा सामाजिक भेद पहिचानका आधारहरूलाई प्रष्ट पार्दै भण्डारी र अन्यले निम्नानुसार व्याख्या गरेका छन् :

> भाषामा सामाजिक भेद पहिचानका आधारहरूमा सामाजिक संरचना, सामाजिक सांस्कृतिक अवस्था (मर्यादित र अमर्यादित), सहभागी वक्ता र स्रोता (सभ्य र असभ्य), भौतिक परिवेश (औपचारिक र अनौपचारिक), शीर्षक र कार्य (सूचना र निर्देशन) र विविध कारणअन्तर्गत शिक्षाका आधारमा (शिक्षित र अशिक्षित), वर्गीयताका आधारमा (उच्च, मध्यम र निम्न), उमेरका आधारमा (बालक, युवायुवती, वयस्क तथा प्रौढ) र धर्म र संस्कृतिका आधारमा (हिन्दु, बौद्ध, मुस्लिम, क्रिश्चियन, शिख) आदि रहेका छन् । (२०७३, पृपृ. ३३-३५)

माथिका भनाइहरूबाट के बुझ्न सकिन्छ भने समाजमा भाषाको सामाजिक भेद फरकफरक किसिमबाट हुन्छन् । भाषाको सामाजिक भेदलार्य केलाउँदा भाषाको वर्गको आधारलाई लिन सकिन्छ । यस्तै भाषाको लैङ्गिक स्थिति, पेसागत स्थिति तथा वर्गगत स्थितिका आधारमा पनि भाषाको प्रयोग भइरहेको हुन्छ । नेपाली भाषालाई समाजभाषिक भेदका आधारमा निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

***भाषाको प्रयोजनपरक भेद :*** भाषाको प्रयोग विभिन्न प्रयोजन र सन्दर्भमा गरिन्छ । प्रयोगका आधारमा देखिने भाषाको भेद नै प्रयोजनपरक भेद हो । भिन्नभिन्न विषय र क्षेत्रमा प्रयोग हुने भाषा भिन्नभिन्न खालका हुन्छन् । यसलाई रजिष्टर पनि भनिन्छ । ज्ञानविज्ञानका विभिन्न शाखाहरू हुन्छन् र प्रत्येकमा हुने भाषा भिन्नभिन्न खालको हुन्छ । नेपाली भाषाको प्रयोग विभिन्न क्षेत्रमा हुन्छ । सबै क्षेत्रमा प्रयोग हुने भाषामा समान खालका विशेषता वा अभिलक्षणहरू पाइँदैनन् । नेपाली भाषाको प्रयोजनपरक भेद अर्थात् विषयगत भेदअन्तर्गत कृषि, व्यापार, खेलकुद, कानुन,

विज्ञान, साहित्य आदि क्षेत्रमा प्रयोग हुने भाषालाई देखाउन सकिन्छ । यसलाई प्रष्ट पार्दै भण्डारी र अन्यले भनेका छन् :

> साहित्यमा प्रयोग हुने भाषाअन्तर्गत सिर्जनात्मक साहित्यको भाषा कलात्मक, रागात्मक खालको हुन्छ भने समालोचनात्मक भाषा विश्लेषणात्मक खालको हुन्छ । भाषाको साहित्यिक रूपमा भाषिक विचलन, भावना र कल्पनाको तीब्रता, आलङ्कारिकता, काव्यात्मकता आदि विशेषतहरू पाइन्छन् । कानुनको क्षेत्रमा प्रयोग हुने भाषामा पारिभाषिक शब्द, सामान्य भविष्यकालीन क्रियापद, वस्तुपरक शैली, आगन्तुक शब्दको बाहुल्य पाइन्छ । विज्ञान र प्रविधिका क्षेत्रमा प्रयोग हुने भाषामा प्राविधिक पारिभाषिक शब्द, कर्मवाच्य र भाववाच्यका क्रियापद, वस्तुगत र वर्णनात्मक शैलीको प्रयोग पाइन्छ । कृषि क्षेत्रमा प्रयोग हुने भाषामा कृषिसँग सम्बन्धित शब्दभण्डार तथा व्यापारिक क्षेत्रमा व्यवसायसँग सम्बन्धित शब्दभण्डारको प्रयोग पाइन्छ । (२०७३, पृपृ. ३६-३७)

माथिको भनाइलाई हेर्दा भाषाको प्रयोग विभिन्न क्षेत्रमा आआफ्नै प्रकारका हुने गर्दछन् । साहित्यिक, कानुनी, विज्ञान र प्रविधिका साथै कृषि क्षेत्रमा प्रयोग हुने भाषा भिन्नभिन्न प्रकारको हुने गर्दछ । यसरी विभिन्न क्षेत्रमा प्रयोग हुने फरकलाई नै भाषाको प्रयोजनपरक भेद हो भन्न सकिन्छ ।

***भाषाको प्रसङ्गगत भेद :*** वक्ता र श्रोताबीचको सम्बन्धमा भाषाको प्रसङ्गगत भेद बुझिन्छ । प्रसङ्गगत भेदमा आआफ्नो सामाजिक, सांस्कृतिक पृष्ठभूमिमा आबद्ध अभिव्यक्तिहरू हुन्छन् । कुनै पनि वक्ताले विभिन्न प्रसङ्गमा भिन्नभिन्न किसिमले भाषाको प्रयोग गर्दछ । वक्ताले कुन अवस्थामा, कोसँग, कसरी, किन भाषाको प्रयोग गर्दछ भन्ने आधारमा छुट्याइने भाषिक भेद नै प्रसङ्गगत भेद हो । कुनै एउटा वस्तुलाई अवस्था, स्थान र प्रसङ्गअनुसार भिन्नभिन्न नामले बुझाइन्छ भने यो प्रसङ्गगत भेद हो । जस्तै : मृत शरीरलाई लाश र शव भन्नु, चामललाई धार्मिक कार्यमा अक्षता, सिदा, भेटी भन्नु र अपशकुनका बेला अन्य नाम (बुर्की) ले पुकार्नु आदिलाई भाषाको प्रसङ्गगत भेद मानिन्छ ।

कुनै व्यक्ति वृहत् सामाजिक परिवेशमा विभिन्न भूमिकामा रहन सक्छ। एउटै व्यक्ति पारिवारिक सम्बन्धमा वा पेसागत रूपमा रहँदा उसले प्रयोग गर्ने भाषामा भेद देखिन्छ। यसरी देश, काल, परिस्थितिअनुसार एउटै भाषामा देखिएको विविधता नै प्रसङ्गगत भेद हो।

***भाषाको लैङ्गिक आधारमा भेद :*** कुनै पनि भाषामा विभिन्न प्रकारका भेद रहेका हुन्छन्। समाजभाषिक अध्ययन गर्ने क्रममा लिङ्गगत आधारमा भाषा प्रयोगमा पनि विभिन्नता देखिन्छ। भण्डारी र पौड्याल (२०७३) ले "ध्वन्यात्मक लवज र शब्दभण्डार क्षमताका दृष्टिले महिला र पुरुषले प्रयोग गर्ने भाषामा भिन्नता पाइन्छ। ध्वन्यात्मक गुण, रङ्गको विभेद गर्ने क्षमता, शब्दभण्डार आदिका दृष्टिले महिला र पुरुषको भाषा प्रयोगमा भिन्नता पाइन्छ" (पृ. १८) भनी लिङ्गको आधारमा भाषाको भेदको बारेमा ब्याख्या गरेका छन्। प्रकृतिले मानिसलाई दुई स्वरूप दिएका छन् - महिला (स्त्रीलिङ्गी) र पुरुष (पुलिङ्गी)। यिनीहरूले प्रयोग गर्ने भाषामा समेत विभेद रहेको हुन्छ। कतिपय शब्दको नामको भनाइ एउटै भए तापनि उच्चारणगत शैली, तरिका जस्ता पक्षमा भिन्नता रहेको पाइन्छ। महिलाहरू कोमल, मृदुभाषी हुन्छन् भने उनीहरूको बोली मिठासयुक्त र कोमल रहेको पाइन्छ। यिनीहरूको भाषामा बाबु, नानी, राजा जस्ता श्रुतिमधुर शब्दहरूको प्रयोग हुन्छ भने यसको विपरीत पुरुषहरूको बोलीमा कठोरता, ठाडोपन र अहमको भावना देखिन्छ। यिनीहरूको बोलीमा तँ, तेरो जस्ता शब्दहरूको प्रयोग हुन्छ। लैङ्गिक भेदलाई निम्नानुसार दुई वर्गमा विभाजन गरी व्याख्या गर्न सकिन्छ :

*महिला (स्त्रीलिङ्गी) भाषा :* स्त्री (महिला/पोथी) जातिलाई बुझाउन प्रयोग गरिने शब्दलाई स्त्रीलिङ्ग भनिन्छ। पुरुषभन्दा महिला कोमल स्वभावका हुने भएकाले उनीहरूले त्यसैअनुरूप कोमल, नरम, सांस्कारिक, मायालु तथा दयालुपना झल्किने र सभ्य शब्दहरूको प्रयोग गर्दछन्। उनीहरूको भाषामा स्त्रीलिङ्गी र नम्र प्रकारका क्रियापदको प्रयोग गरेको पाइन्छ। जस्तै : बाबु, नाति, हजुर कहाँ जाँदै हुनुहुन्छ ? गएकी थिएँ, खाएकी छु, भनेकी छु, नानु खाना खायौ ? आदि। यिनीहरूको बोलीमा मात्र होइन व्यवहारमा पनि पुरुषको भन्दा फरकपना पाइन्छ। यिनीहरूको

बोलीवचन, भाषाशैली तथा अरूप्रति गर्ने व्यवहारमा समेत स्नेहता, कोमलता र मायालुपना पाउँछौं । यिनीहरूको भाषामा स्त्रीलिङ्गी शब्दहरूको प्रयोग हुन्छन् ।

*पुरुष (पुलिङ्गी) भाषा :* पुरुष (भाले) जातिलाई बुझाउन प्रयोग गरिने शब्द नै पुलिङ्ग हो । भाषा प्रयोगका आधारमा महिला र पुरुषको भाषा पनि फरक-फरक हुन्छ । पुरुषहरूको भाषा प्रयोगमा ठाडोपन पाइन्छ । यिनीहरू रुखो, निरस, कठोर, तार्किक, वैचारिक, निर्णायक, बडप्पन झल्कने, टर्रो, अरूलाई हेपेको जस्तो शब्द र आदेशात्मक भाषाको प्रयोग गर्दछन् । महिला र पुरुषले प्रयोग गर्ने भाषामा शब्दभण्डारका दृष्टिले पनि भिन्नता देखिन्छ । महिलाहरूले भनेकी हुँ, पढेकी थिएँ नरम शब्द प्रयोग गर्दछन् भने पुरुषहरू पुलिङ्गी शब्दहरू जस्तै : आएको थियो, बोलेका थिए, आएको छु, तँ यहाँ बस्, कोही बाहिर ननिस्किनू जस्ता क्रियापदको प्रयोग गर्दछन् ।

माथिका व्याख्याबाट यो प्रष्ट हुन्छ कि स्त्रीलिङ्गी र पुलिङ्गी भाषामा प्रचुर मात्रामा भेद रहेको हुन्छ ।

***भाषाको वर्गीय आधारमा भेद :*** समाजमा राम्रा, नराम्रा, निम्न, मध्यम र उच्च सबैखाले व्यक्तिहरूको बसोबास हुन्छ । यस्तै विभिन्न जाति, धर्म र संस्कृतिले पनि समाजलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ । आफ्नो पहुँच, शक्ति, सामर्थ्य, आर्थिक अवस्थाका कारण मानिसले आफ्नो परिचय स्थापित गरेका हुन्छन् । यसैले समाजमा विभिन्न प्रकारका वर्गीय भेद रहेको हुन्छ । यसअन्तर्गत उच्च, मध्यम र निम्न वर्गका मानिसहरूले बसोबास गरिरहेका हुन्छन् । विभिन्न वर्गका मानिसहरूको आआफ्नै प्रकारको विचार, सोच र व्यवहार हुने हुनाले उनीहरूले बोल्ने भाषामा पनि समानता नभएर विभेद देखापर्दछ । सामाजिक भेदअन्तर्गत वर्गीय विभेदका बारेमा भण्डारी र पौड्याल (२०६८) ले “सामाजिक भेदको पहिचान विभिन्न कारणबाट पनि गर्न सकिन्छ । सामाजिक दूरी (आत्मीय र अनात्मीय), प्रतिष्ठाको क्रम (उच्च र निम्न), शिक्षा, धर्म, संस्कृति, जाति, उमेर, लिङ्ग, पेसा ओहोदा आदिका आधारमा समेत सामाजिक भेद पहिचान गर्न सकिन्छ” (पृ. ३४) भनेका छन् । यस भनाइलाई हेर्दा भाषाको वर्गीय विभेद भनेको समाजका सबै व्यक्ति समान जीवन स्तरका हुँदैनन् । कोही उच्च वर्गका, कोही मध्यम वर्गका र

कोही निम्न वर्गका मानिसहरू रहेका हुन्छन् । उनीहरूले प्रयोग गर्ने भाषा पनि उनीहरूको स्तरअनुसार नै रहेको देखिन्छ । भाषाको वर्गीय भेदलाई पनि निम्नानुसार तीन वर्गमा वर्गीकरण गर्न सकिन्छ :

*उच्च वर्गीय भाषा :* समाजमा आफ्नो आर्थिक, शैक्षिक र अन्य स्तर उच्च रहेको र समाजमा स्थापित मानिसहरूको वर्ग नै हुनेखाने अर्थात् उच्च वर्गीय मानिसहरू हुन् भन्ने बुझिन्छ । यस्ता वर्गका मानिसहरूको भाषा सभ्य, शिष्ट, स्तरीय, औपचारिक आदरार्थी, मर्यादित र आदेशात्मक हुन्छन् । यिनीहरूको बोलीचाली, व्यवहार र रहनसहन मध्यम र निम्नवर्गको तुलनामा धेरै उच्चस्तरको हुन्छ । उनीहरू एकआपसमा कुरा गर्दा आइसियोस्, गइसियोस्, पिताज्यू, माताज्यू, दिज्यू जस्ता अतिआदरार्थी शब्दको प्रयोग गरी भाषाको आदानप्रदान गर्दछन् । उच्च वर्गीय भाषालाई स्पष्ट पार्दै प्याकुरेल (२०७१) भन्दछन् - “अन्यवर्गलाई भने यस्तो सम्मान नगरी शिष्टाचारयुक्त र अनादरवाची तँ, तेरो, तैँले, जा, गरिस्, खाइस् शब्दहरूको प्रयोग गर्ने गर्दछन्” (पृ. १९) भनी स्पष्ट पारेका छन् । यसबाट बुझ्न सकिन्छ कि उच्च वर्गीय भाषामा शिष्टता, मर्यादित हुनाका साथसाथै आफूभन्दा तल्लो स्तरका व्यक्तिहरूलाई हेपेर बोल्ने प्रवृत्ति रहेको समेत स्पष्ट देखिन्छ ।

*मध्यम वर्गीय भाषा :* समाजमा विभिन्न वर्गका मानिसहरूले बसोबास गरिरहेका हुन्छन् । यसैअन्तर्गत मध्यम वर्गीय मानिसहरू पनि एक वर्गीय समूह हो । समाजको सामाजिक एवम् भाषिक भेदअन्तर्गत मध्यमवर्ग पनि एक वर्ग हो । यिनीहरू उच्चवर्ग र निम्नवर्गको बीचमा मध्यमस्तरका मानिसहरू हुन् । यिनीहरू न त एकदमै आर्थिक रूपले सम्पन्न हुन्छन् न त दिनदिनै काम गरेर खाने स्तरका नै हुन्छन् । यिनीहरूले प्रयोग गर्ने भाषामा शिष्टता र औपचारिकता झल्किनुका साथै आफूभन्दा उच्चवर्गलाई सम्मान गर्ने तथा निम्नवर्गलाई माया गर्ने प्रकारको रहेको हुन्छ । समाजमा भलाइ हुने, समाजमा मिल्न सक्ने क्षमता भएकाले यिनीहरूको भाषाशैली पनि नरम र रसिलो हुन्छ । मध्यम वर्गीय भाषालाई स्पष्ट पार्दै प्याकुरेल (२०७१) भन्दछन् - “यिनीहरूले बोल्ने भाषा उच्चवर्ग र निम्नवर्गको भन्दा फरक हुन्छ । यिनीहरू आउनुहोस्, जानुहोस्, जानुभयो, आमा, बाजस्ता आदरार्थी र शिष्टाचारयुक्त भाषाको प्रयोग गर्दछन्” (पृ. २०) । यस भनाइबाट प्रष्ट

हुन्छ कि मध्यम वर्गका मानिसहरूले उच्च वर्ग र निम्न वर्गका मानिसहरूले भन्दा फरक प्रकारका भाषाशैली, व्यवहार र बोलीचालीको प्रयोग गर्दछन् ।

*निम्न वर्गीय भाषा :* निम्न वर्गीय मानिसहरू उच्च र मध्यमवर्गका मानिसहरूको भन्दा फरक भाषा बोल्दछन् । उनीहरूले प्रयोग गर्ने भाषाप्रयोगमा शिष्टता र औपचारिकता रहँदैनन् । उनीहरूको भाषा प्रयोगमा निराशा, अमानक, अनौपचारिक र प्रायः अशिष्ट भाषाको प्रयोग गर्दछन् । जस्तै : म बजार जान्छु, तँ यहाँ बस, ए बा भात खान आऊ, दिदी तैँले के खाइस् ?, बा/बाउ, आमा/आमै आदि । यिनीहरूको भाषा निम्नस्तरको हुनुको मुख्य कारण यिनीहरूको शैक्षिक अवस्था राम्रो नहुनु हो । यसैले यिनीहरू आदरार्थी र औपचारिक भाषाको प्रयोग गर्न सक्दैनन् । उनीहरूको भाषामा ठाडोपन पाइन्छ भने बोल्दा घुमाएर अर्थात् घुमाउरो अर्थ लगाएर अप्रत्यक्ष रूपमा नबोली ठाडो भाकाको प्रयोग गर्दछन् । शिक्षाको अभाव र दिनरात काममा खटिनुपर्ने हुनाले नै यिनीहरूको भाषा प्रयोग निम्नस्तरकै भएको देखिन्छ । निम्न वर्गीय भाषालाई स्पष्ट पार्दै प्याकुरेल (२०७१) भन्दछन् - "हाम्रो नेपाली समाजमा विभिन्न वर्गका मानिसहरूको बसोबास रहेको छ । उनीहरूको स्थिति निम्नस्तरका यिनीहरूको भाषा पनि निम्नस्तरको, अमर्यादित, असभ्य र अनौपचारिक रहेको हुन्छ" (पृ. २१) । यो भनाइलाई हेर्दा निम्न वर्गीय मानिसहरूको बोली पनि निम्न स्तरको र अमानक हुने देखिन्छ भने यिनीहरूको बसोबास प्रायः ग्रामीण भेगमा हुने, आर्थिक र शैक्षिक अवस्था निम्न भएका अशिक्षित व्यक्तिहरू हुन् भनेर बुझ्न सकिन्छ ।

***भाषाको पेसागत आधारमा भेद :*** नेपाल एक अल्पविकसित देश हो । यहाँका मानिसहरू आफ्नो आर्थिक अवस्था उकास्न तथा जीविकोपार्जनका लागि विभिन्न प्रकारका पेसा, व्यवसाय, व्यापार तथा कृषिकर्ममा लाग्नुका साथै अन्य व्यक्तिको घरमा काम गर्नेदेखि लिएर भारी बोक्ने, रिक्सा चलाउने, दैनिक ज्यालामजदुरी गर्ने गर्दछन् । यसैले यहाँ विभिन्न प्रकारका रोजगारीका कामहरू गर्ने गर्दछन् । यिनीहरू सबैले आआफ्नै पेसासँग सम्बद्ध रहेर भाषाशैलीको प्रयोग गर्दछन् । यसरी पेसागत आधारमा पनि भाषा प्रयोगमा भिन्नता रहेको देखिन्छ । कृषि, व्यापार, खेलकुद, कानुन, विज्ञान, साहित्य आदि क्षेत्रमा प्रयोग हुने भाषामा पनि हामीले विविधता

पाउँछौँ । व्यक्ति जुनसुकै पेसामा आबद्ध भए तापनि विचार विनियम आदानप्रदान गर्न, कार्य सञ्चार गर्न भाषाको नै आवश्यकता पर्दछ । साहित्यमा प्रयोग हुने भाषाअन्तर्गत सिर्जनात्मक साहित्यको भाषा, कलात्मक, रागात्मक खालको हुन्छ । त्यस्तै कानुनको क्षेत्रमा प्रयोग हुने भाषामा पारिभाषिक शब्द र आगन्तुक शब्दको बाहुल्य पाइन्छ । विज्ञान र प्रविधिको क्षेत्रमा प्रयोग हुने भाषामा प्राविधिक पारिभाषिक शब्द प्रयोग भएको पाइनुका साथै कृषि क्षेत्रमा प्रयोग हुने भाषामा कृषिसँग सम्बन्धित शब्दभण्डार तथा व्यापारिक क्षेत्रमा व्यवसायसँग सम्बन्धित शब्दभण्डारको प्रयोग भएको पाइन्छ । यस उपन्यासका पात्रहरू पनि दैनिक जीविकोपार्जनका लागि विभिन्न पेसामा लागेका छन् । यस उपन्यासको प्रमुख पात्र हर्षबहादुर सुरुमा मेडिकल राखेको र पछि व्यापार व्यवसाय गरेको पाइन्छ । त्यस्तै अन्य पात्रहरूले भारी बोक्ने, कृषिकर्म गर्ने र व्यापार व्यवसाय गर्ने गरेको पाइन्छ ।

## सारांश

प्रस्तुत शोधकार्यको यस अध्यायमा सम्बन्धित कार्यको पुनरावलोकन प्रस्तुत गरिएको छ । जसअन्तर्गत प्रायोगिक पुनरावलोकनमा उद्देश्यअनुसारको भौगोलिक आधारमा वर्गगत, लिङ्गगत र पेसागत आधारमा निकालिएको निष्कर्षलाई दसवटा शोधसमीक्षाको आधारमा विश्लेषण गरिएको छ । सैद्धान्तिक पुनरावलोकनअन्तर्गत पाँचवटा पुस्तकको आधारमा समाज भाषाविज्ञानको व्याख्या र विश्लेषण गरिएको छ । पूर्वकार्यको अवलोकनको अनुप्रयोगले शोधार्थीलाई शोधको शीर्षक चयन गर्न, समस्याको विशिष्टीकरण गर्न, शोधको उद्देश्य पहिल्याउन, सैद्धान्तिक पृष्ठभूमि प्रदान गर्न, समस्याको चुरो पत्ता लगाउनुका साथै त्यस्ता समस्याहरूको समाधान गर्न तथा विभिन्न कुरामा फाइदा पुगेको कुरालाई विश्लेषण गरिएको छ भने समाज भाषाविज्ञानको सैद्धान्तिक अवधारणालाई पनि प्रस्तुत गरिएको छ । जसमा समाज भाषाविज्ञानको परिचय, समाज भाषाविज्ञानको क्षेत्रका साथै भाषिक भेदहरूको विश्लेषण गरिएको छ । त्यसैगरी भाषाको वर्गगत आधारमा उच्च, मध्यम र निम्न वर्गमा वर्गीकरण गरिएको छ भने लिङ्गगत आधारमा महिला र पुरुष गरी भाषिक स्वरूपको सैद्धान्तिक अवधारणालाई प्रस्तुत गरिएको छ । भने पेसागत आधारमा समेत सङ्क्षिप्त व्याख्या र विश्लेषण गरिएको छ र अन्त्यमा यस अध्यायको सङ्क्षिप्त सारांश प्रस्तुत गरी यस अध्यायलाई समापन गरिएको छ ।

# अध्याय तीन

## शोधविधि र प्रक्रिया

प्रस्तुत शोधकार्य *कर्नाली ब्लुज* उपन्यासको समाजभाषिक अध्ययनमा आधारित रहेको हुनाले प्रस्तुत अनुसन्धान अध्ययनलाई वस्तुगत बनाउने क्रममा बुद्धिसागरद्वारा लिखित *कर्नाली ब्लुज* उपन्यासलाई मुख्य स्रोतको रूपमा लिइएको छ । यसका साथै यसै उपन्याससँग सम्बन्धित लेख, रचना, शोधकार्य तथा पुस्तकहरूलाई शोध सामग्रीका रूपमा उपयोग गरिएको छ । यस शोधकार्यलाई पूर्ण गर्नका लागि मूलतः पुस्तकालयीय अध्ययन विधिलाई उपयोग गरिएको छ । तथ्याङ्क सङ्कलनका लागि सामग्री निर्माण, त्यसको पूर्व परीक्षण, परीक्षणको कार्यान्वयन, तथ्याङ्क सङ्कलन, सङ्कलित तथ्याङ्कको व्याख्या, विश्लेषण र प्रस्तुतीकरणजस्ता वर्णनात्मक विधिको उपयोग गरिएको छ । अध्ययनमा अवलम्बन गरिने प्रक्रियाहरूको विस्तृत विवरण निम्नानुसार रहेका छन् :

### अनुसन्धान ढाँचा

सामग्री सङ्कलनको स्रोत पुस्तकालयीय प्रकार्य भएकाले शोधकार्यमा गुणात्मक अध्ययन ढाँचाको उपयोग गरिएको छ ।

### नमुना छनोट प्रक्रिया

प्रस्तुत अध्ययनलाई विश्वसनीय, तथ्यपरक र भरपर्दो बनाउनका लागि नमुना छनोट प्रक्रियालाई प्रयोगमा ल्याइएको छ । नमुना छनोटका सन्दर्भमा बुद्धिसागरको *कर्नाली ब्लुज* उपन्यासलाई समाजभाषिक अध्ययनका लागि नमुना छनोटका रूपमा लिइएको छ ।

### सामग्री सङ्कलन प्रक्रिया

प्रस्तुत अध्ययन *कर्नाली ब्लुज* उपन्यासको समाजभाषिक शीर्षकमा केन्द्रित रहेर गरिएको छ । शोधविधिअन्तर्गत प्राथमिक सामग्रीका रूपमा बुद्धिसागरद्वारा लिखित *कर्नाली ब्लुज* उपन्यास र त्यस उपन्याससँग सम्बन्धित भएर लेखिएका विभिन्न प्रतिवेदन, पुस्तक, लेख, रचना, समीक्षा, शोधकार्य आदिलाई द्वितीयक सामग्रीको रूपमा सङ्कलन गरिएको छ । प्रस्तुत शोधमा समाजभाषिक अध्ययनलाई आधार मानी गरिने हुँदा लिङ्गगत, वर्गगत र पेसागत आधारमा भाषिक स्थिति पत्ता लगाई व्याख्या तथा विश्लेषण गरिएको छ ।

**सामग्री सङ्कलनका साधन**

प्रस्तुत अध्ययनलाई सफल, विश्वसनीय र तथ्यपरक बनाउनका लागि प्राथमिक र द्वितीयक स्रोत गरी दुई किसिमबाट सङ्कलन गरी निम्नानुसार अध्ययन गरिएको छ :

**प्राथमिक स्रोत :** समाजभाषिक अध्ययनका लागि बुद्धिसागरद्वारा लिखित *कर्नाली ब्लुज* उपन्यासलाई प्राथमिक स्रोतका रूपमा लिइएको छ र यसै उपन्यासलाई प्रमुख आधार मानेर समाजभाषिक अध्ययन गरिएको छ ।


**द्वितीयक स्रोत :** प्रस्तुत शोध शीर्षकसँग सम्बन्धित रहेर गरिएका खोज, समीक्षा, अनुसन्धान, पाठ्यपुस्तक, पत्रपत्रिकालाई शोधपत्र, लेख, रचना आदिलाई द्वितीयक स्रोत मानेर अध्ययन गरिएको छ ।

**सामग्री सङ्कलन**

प्रस्तुत शोधमा समाजभाषिक अध्ययनलाई आधार मानी गरिने भएकाले भाषिक संरचना, पात्रहरूले प्रयोग गर्ने भाषाको भौगोलिक आधारमा वर्गगत, लिङ्गगत र पेसागत आधारमा भाषिक स्थिति पत्ता लगाई व्याख्या तथा विश्लेषण गरिएको छ ।

**अवधारणात्मक ढाँचा**

प्रस्तुत शोधकार्यको अवधारणात्मक ढाँचा निम्नानुसारको रहेको छ :




चित्र १ : *शोधपत्रको ढाँचा*

## नतिजा र छलफल

प्रस्तुत शोधकार्य *कर्नाली ब्लुज* उपन्यासको समाजभाषिक अध्ययनसँग सम्बन्धित रही गरिएको छ, जसमा भौगोलिक आधार र उपन्यासका पात्रहरूको लैङ्गिक, वर्गीय र पेसागत भाषिक स्थिति पत्ता लगाई व्याख्या तथा विश्लेषण गरिएको छ भने आवश्यकता परेको स्थानमा तालिकीकरण समेत गरिएको छ ।

## शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रमा छ अध्याय हुनेछन् । पहिलो अध्यायमा शोधपरिचय रहेको छ, जसमा अध्ययनको पृष्ठभूमि, समस्याकथन, अध्ययनको औचित्य, अनुसन्धनात्मक प्रश्नहरू, सीमाङ्कन, पारिभाषिक शब्दावली र सारांश रहेका छन् । दोस्रो अध्यायमा सम्बन्धित कार्यको पुनरावलोकन गरिएको छ । जसमा सैद्धान्तिक पुनरावलोकन र प्रयोगिक पुनरावलोकन रहेको छ साथै अनुसन्धानमा सम्बन्धित कार्यको पुनरावलोकनको अनुप्रयोगबारे पनि चर्चा गरिएको छ साथै सैद्धान्तिक अवधारणा, समाज भाषाविज्ञानको परिचय, समाज भाषाविज्ञानको क्षेत्र, भाषिक भेद र अन्त्यमा सारांश रहेको छ । त्यसैगरी तेस्रो अध्यायलाई 'शोधविधि र प्रक्रिया' शीर्षक दिई यसअन्तर्गत अनुसन्धानको ढाँचा, नमुना छनोट प्रक्रिया, सामग्री सङ्कलन प्रक्रिया, अवधारणात्मक ढाँचा, नतिजा र छलफल, शोधपत्रको रूपरेखा र अन्त्यमा सारांश प्रस्तुत गरिएको छ । चौथो अध्यायमा 'भौगोलिक आधारमा *कर्नाली ब्लुज* उपन्यासको विश्लेषण' शीर्षक राखी त्यसभित्र लेखकको सङ्क्षिप्त परिचय दिनुका साथै उपन्यासका पात्रहरूले प्रयोग गर्ने भाषिक अवस्थाको व्याख्या गरिएको छ । अध्याय पाँचअन्तर्गत उपन्यासमा प्रयुक्त पात्रहरूको भाषिक स्थितिको विश्लेषण गरिएको छ । यसअन्तर्गत पात्रहरूको लैङ्गिक, वर्गीय र पेसागत आधारमा व्याख्या र विश्लेषण गरिएको छ र अन्त्यमा सारांश प्रस्तुत गरिएको छ । अध्याय छलाई 'सारांश, निष्कर्ष र उपयोगिता' शीर्षक दिई शोधकार्यको परिच्छेदगत निष्कर्ष र उपादेयता प्रस्तुत गरिएको छ र अन्त्यमा सन्दर्भ ग्रन्थसूची प्रस्तुत गरी प्रस्तुत शोधकार्यलाई पुरा गरिएको छ ।

## सारांश

प्रस्तुत शोधपत्रको तेस्रो अध्यायलाई शोधविधि शीर्षक राखिएको छ । जसमा गुणात्मक ढाँचा अपनाएर अनुसन्धान गर्ने क्रममा *कर्नाली ब्लुज* शीर्षकको औपन्यासिक

कृतिलाई समाजभाषिक अध्ययनको लागि छनोट गर्ने भनी नमुना छनोट प्रक्रिया, सामग्री सङ्कलनअन्तर्गत प्राथमिक स्रोतका रूपमा *कर्नाली ब्लुज* उपन्यास र द्वितीयक सामग्रीका रूपमा कृतिसँग सम्बन्धित भएर लेखिएका लेख, समालोचना, पुस्तक, प्रतिवेदन आदिलाई राखिएको छ । त्यसैगरी प्राथमिक वा द्वितीयक स्रोत अथवा दुवै स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । यसका साथै तथ्य सङ्कलनका साधन र तथ्य सङ्कलन र अवधारणात्मक ढाँचाको बारेमा पनि चर्चा गरिएको छ । अन्त्यमा शोधपत्रको रूपरेखा तथा यस अध्यायको सारांशसमेत प्रस्तुत गरिएको छ ।

# अध्याय चार

# भौगोलिक आधारमा *कर्नाली ब्लुज* उपन्यासको विश्लेषण

## पृष्ठभूमि

कुनै पनि व्यक्तिले एकआपसमा विचार विनिमय गर्ने माध्यम भाषा हो । कुनै पनि आख्यानात्मक कृतिमा निहित भाषालाई प्रस्तुत गर्ने तरिकालाई नै भाषाशैली भन्न सकिन्छ । शैली कुनै पनि लेखकको आफ्नै निजी विशेषता हो । यस्तो विशेषताले नै कृतिको गुणवत्ता, रोचकता र मिठान थप्न सहयोग पुऱ्याउँछ । यसैले कुनै पनि कृतिलाई सफल बनाउनका लागि भाषाशैली अत्यावश्यक तत्त्व हो । समाजमा बोलिने भाषालाई त्यस समाजको आर्थिक, सामाजिक, धार्मिक, शैक्षिक, राजनैतिक, सांस्कृतिक, भौगोलिक कुराहरूले प्रत्यक्ष रूपमा प्रभाव पार्दछ । उपन्यासको भाषा स्तरीय, सम्प्रेषणीय, सरल, सहज, बोधगम्य र पर्यावरणअनुकूल हुनुपर्छ । यस अध्यायमा *कर्नाली ब्लुज*का लेखक बुद्धिसागरको सामान्य परिचयका साथै उपन्यासमा प्रयुक्त पात्रहरूद्वारा प्रयोग भएका भाषाको भौगोलिक आधारमा भाषिक अवस्थालाई आधार बनाएर संवादलाई विश्लेषण गरिएको छ ।

## लेखक र उपन्यासको सङ्क्षिप्त परिचय

नेपाली साहित्यका नवप्रतिभा बुद्धिसागरको जन्म वि.सं. २०३८ जेठ १९ गते कैलाली जिल्लाको मटेरा गाउँमा भएको थियो । सहित्यको क्षेत्रमा सानैदेखि रुचि राख्ने बुद्धिसागरको परिवार पछि कटासे बजार हुँदै कालिकोटको मान्मसम्म बसाइँ सरेको पाइन्छ । उनले कक्षा दससम्म कालिकोटको मान्म र उच्चशिक्षा काठमाडौँको आर.आर. क्याम्पसबाट हासिल गरेका हुन् । उनको *कर्नाली ब्लुज* उपन्यास (२०६७), *फिरफिरे* उपन्यास (२०७२) कृतिहरू प्रकाशित छन् भने अनेकौँ लेख, रचनाहरू विभिन्न पत्रपत्रिकामा फुटकर रूपमा प्रकाशित छन् । आफ्नो अध्ययनपश्चात् उनी पत्रकारिता पेसालाई अँगालेका बुद्धिसागरले यस पेसालाई छाडी साहित्य यात्रामा प्रवेश गरेका हुन् । उनको *कर्नाली ब्लुज* उपन्यासमा ग्रामीण भोगाइका यथार्थ घटनाक्रमलाई समेटिएको छ । यस उपन्यासमा छोराको आँखाबाट पिताको सङ्घर्ष देखाइएको छ । सानो छँदा आफ्ना पितालाई संसारकै सबैभन्दा बलवान् र ज्ञानी ठान्ने छोराले आफ्नो हुर्काइसँगै पिताबारे धारणा फेर्दै जान्छ । यस

उपन्यासमा सानासाना कुरामा छिमेकीछिमेकीबीच मनमुटाव भई बोलचाल बन्द हुनु, परिवारका सदस्य बिरामी हुँदा अस्पताल नलगी धामी-झाँक्रीको विश्वास गरी अन्त्यमा बिरामीको मृत्यु हुनु, भौगोलिक विकटताका कारण कालिकोटका मानिसहरूले भोग्नुपरेको दुःख, कष्टलाई प्रस्तुत गरिएको छ। यस उपन्यासमा बाल्यावस्था र किशोरावस्थाको उट्पट्याङ बिठ्याइँसँगै जीवन भोगाइका क्रममा आइलागेका कैयौँ घटनाक्रमलाई उजागर गरिएको छ। यस उपन्यासमा सुदूर तराईको गाउँ मटेरादेखि कटासे बजार हुँदै सुदूर पहाड कालिकोटसम्मको घटनालाई चित्रण गरिएको छ।

यस उपन्यासको आन्तरिक संरचनामा सोह्र पृष्ठ अगणनीय रहेका छन् भने तीन सय छयहत्तर पृष्ठ गणनीय रहेका छन्। उच्चस्तरीय कागजमा मुद्रित डिमाइ साइजको आयाम लिएको यस उपन्यासको आवरण पृष्ठको माथिपट्टि लेखकको नाम र त्यसको मुनि कृतिको नाम दिइएको छ भने त्यसको मुनिपट्टि रङ्गिन अमूर्त चित्र प्रस्तुत गरिएको छ भने पश्चपृष्ठमा सिरानमा अमूर्त रङ्गिन चित्रको मुनिपट्टि उपन्यासको अति सङ्क्षिप्त व्याख्या गरिएको छ भने सबैभन्दा तल प्रकाशकको सङ्क्षिप्त रूप 'एफपी' र आइ.एस.बि.एन. नम्बर लेखिएको छ। फाइन प्रिन्ट प्रा.लि. प्रकाशक रहेको यस कृतिको प्रारम्भमा तेह्रजना विद्वान्हरूको उपन्यासका बारेमा सङ्क्षिप्त व्याख्या रहेको छ। जसमा सातवटा नेपाली भाषामा तथा छवटा अङ्ग्रेजी भाषाका भनाइहरू रहेका छन्। यसपछि कृतिको नाम, लेखकको नाम र प्रकाशकको सङ्क्षिप्त रूप 'एफपी' लेखिएको छ। यसको पछाडिपट्टि कृति विवरण रहेको छ भने त्यसपछि लेखक परिचयका साथै लेखकको इमेल लेखिएको छ र यसपछि कृतिको प्रारम्भ "बालाई" शीर्षक दिई गरिएको छ। यसपछि पहिलो दिन, दोस्रो दिन गर्दै दशौँ दिन र अन्तिम दिन गरी एघारवटा शीर्षकहरूमा उपन्यास विभाजित रहेको छ र अन्त्यमा "धन्यवाद" शीर्षक दिई लेखकले आफ्नो मन्तव्य पोखेका छन्। यो नै यस उपन्यासको भौतिक स्वरूप हो।

### भौगोलिक आधारमा *कर्नाली ब्लुज* उपन्यासको भाषिक अवस्था

*कर्नाली ब्लुज* उपन्यासमा सुदूर तराईको गाउँ मटेरादेखि कटासे बजार हुँदै सुदूर पहाड कालिकोटसम्मको भूगोलमा घटेका घटनाक्रमलाई प्रस्तुत गरिएको छ। उपन्यासकार बुद्धिसागरले यस उपन्यासमा सरल, सहज र स्थानीय भौगोलिक परिवेशअनुसारका भाषाशैलीको प्रयोग गरे तापनि कैयौँ ठाउँमा कालिकोट र तराईको थारू समुदायको भाषा

प्रयोग गरेका छन् । यस्ता भाषा बुझ्न कठिन भएको महसुस पाठकहरूलाई हुन्छ । उनको भाषा प्रयोगमा हिन्दी, थारू, अङ्ग्रेजी र स्थानीय व्यक्तिबोलीका शब्दको प्रयोग भएको समेत पाइन्छ । उपन्यासमा पात्रले बोल्ने भाषामा एकरूपता पाइँदैन । प्रस्तुत उपन्यासमा भौगोलिक आधारमा प्रयोग भएका भाषाका केही उदाहरणहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

यस उपन्यासमा विभिन्न स्थानमा जरिलालले आफ्ना भावनाहरू व्यक्त गरेका छन् । ती भावनाहरूमा यस क्षेत्रको भौगोलिक आधारमा बोलिने स्थानीय भाषाहरू प्रकट भएका छन् । जस्तै : 'क्या मेई मान्दा छौ त, साउजी ? मुइले छोया माल तुमीले खाया पुनि के को देक्न्याँ हँ त ?' (पृ. २८०) । 'हामी पुगन्याँ ठउर् तेई डाँडो हो । भोलि पुगन्या हुअ' (पृ. २८२) । 'यी कटास्या साउजीय छोरा हुन्; पइलीबार कालिकोट आउँदै छन्' (पृ. २८३) । 'ती मिल्ट्री त्यस्सै ट्याम लाउँदा छन्,' जरिलाल मुर्मुराए (पृ. २८५) ।

यी संवादहरूमा नेपालको पश्चिमी कालिकोट जिल्लाको भूभागको भौगोलिक क्षेत्रअनुरूपका शब्दहरू मेई, मुइले, छोया, तुमी, खाया, पुनि, देकन्या, पुगन्या, ठउर्, हुअ, कटास्या, साउजीय, ट्याम जस्ता भाषाको प्रयोग भएको देखिन्छ ।

यस उपन्यासमा परिमल नामको पात्रले पनि उपन्यासमा देखाइएका कालिकोट जिल्लाका विभिन्न स्थानमा उपस्थित भएर विभिन्न प्रकारका संवादहरू गरेका छन् । उनका संवादहरूमा पनि त्यस क्षेत्रको भौगोलिकता झल्किएको प्रष्ट रूपमा देखिन्छ । जस्तै : "ओ साउजी, आस्तइ आस्तइ आओ !" परिमल कराए (पृ. २८१) । 'अऊ हो साउजी, कालिकोट त जिल्ला प भयो हामी त सदर्मुकाम मान्मा प जान्या हँउ त' (पृ. २८४) । 'डलौंदो नबस साउजी खच्चडले हान्यापइ छडाउनन्' (पृ. २८६) ।

उपन्यासमा आएका एक पात्र भागिराम त्यस क्षेत्रमा बसोबास गर्ने स्थानीय थारू समाजका एक प्रतिनिधि पात्र हुन् । उनको बोलीमा पनि त्यस क्षेत्रको भौगोलिकता प्रष्ट रूपमा झल्किएको पाइन्छ । जस्तै : 'आज यी डोजर सारा गाउँ पेहली' (पृ. ७३) ।

उल्लिखित तीन पात्रहरूका साथै विभिन्न पात्रहरूले आआफ्नो भाषा प्रयोगका क्रममा त्यस क्षेत्रको भौगोलिक अवस्थितिअनुसारका भाषाको प्रयोग गरेको पाइन्छ । जस्तै : 'आङमा मुत्नु हुन्न,' बा बर्बराउनुभयो (पृ. १६) । बा कड्किनुभो- 'तँ आफै मर्न सक्दिनस् ?' (पृ. २५) । 'यी खोल्ह्वा कुछ ना कुछ करी' उसले ठूलो आवाजमा भनेको थियो (पृ. ३३) ।

'ए ममता राँडी, बाहिर निस्की त, जान्या छु' ममता दिदी थरर काँपिन, लर्खराउँदै बाहिर निस्किन् (पृ. ४०) । 'हेल्प गर्नुस्' आमालाई भनी (पृ. ५५) । 'ओके !' ऊ उभियो (पृ. ५५) । 'कहाँ जाइठो, डाडु ?' म चिच्याएँ । उसले दाँत देखाउँदै हाँसेर भन्यो - 'बयर टुर जाइटी' (पृ. ५७) । 'काका, चन्द्रेह देख्लो ?' 'आज फिर का कर खोजटा पर्वट्याँ ?' (पृ. ५८) । 'कटासेमसे दवाई लन्नु । रज्वा साहक खुसीरामह बेढ्ढब से पिट्ल,' एउटाले भनेछ- 'आँगभर खटकेल बाटिन्' (पृ. ७७) । ओत्रा छोटमोट लौरा कहाँ बम्बई पुगसेकी (पृ. ८४) । जा, पानी ले त, कस्तो खरो भाको हो (पृ. ८४) । गाग्री जस्तो भुँडी भएको साहुजीले कराएको थियो रे- 'मैने काम दिया मादर.... फिर भाग गया' (पृ. ८५) । भक्तेलाई स्वास्नीले पिटेको पिट्यै गर्छ रे । ऊ रातभरि श्रीमतीका गोडा मिच्छ रे । कहिलेकाहीँ स्वास्नीले भ्वाक्क लात्ती हान्छे रे (पृ. १३८) । जा, तेरा बालाई खोजेर ले त, कता मऱ्या छन् (पृ. १८१) । ओमेर साहुले चौकीमा उजुरी हालेको थियो- 'साहब, माधरचोद ने मेरा दुकान टट्टीखाना बनादिया (२१७) ।

माथिका साक्ष्यहरूमा क्या, मेई, मान्दा, साउजी, छोया, तुमी, पुनि, देक्न्याँ, पुगन्याँ, ठउर्, तेई, हुअ, काटास्या, पइलीबार, ट्याम, जान्या, हान्यापइ, छडाउनन्, पेहली, आङ, मुत्नु, खोल्त्वा, कुछ, राँडी, हेल्प, ओके, जाइठो, डाडु, टुर, जाइटी, देख्लो, खोजटा, पर्वट्याँ, कटासेमसे, लन्नु, रज्वा साहक, बेढ्ढब, पिट्ल, आँगभर, खटकेल, बाटिन्, ओत्रा, छोटमोट, लौरा, पुगसेकी, खरो, गाग्री जस्तो भुँडी, मादरचोद, भाग गया, पिटेको पिट्यै, श्रीमतीको गोडा मिच्नु, भ्वाक्क लात्तीले हान्नु, कता मऱ्या छन्, टट्टीखानाजस्ता शब्दहरू उपन्यासमा प्रयुक्त सुदुर तराई कटासे र कालिकोट वरपरका स्थानविशेषका स्थानीय भाषिका हुन् । यस्तो शब्दहरूले उपन्यासलाई श्रुतिमधुर बनाउन सफल भएको छ । यी उपन्यासमा प्रयोग भएका केही उदाहरण मात्र हुन् । यस्ता थुप्रै शब्द तथा वाक्यहरू उपन्यासमा प्रशस्तमात्रामा प्रयोग भएको छ । *कर्नाली ब्लुज* उपन्यासमा लेखक बुद्धिसागरले नेपालको पश्चिम तराई तथा पहाडी भेगका भाषिकाको प्रयोग गरेका छन् भने तत्सम, तद्भव र आगन्तुक शब्दको सम्मिश्रण गरेर कृतिको भाषिकालाई सुबोध्य तुल्याएका छन् ।

यस उपन्यासमा विभिन्न तत्सम शब्दको प्रयोग गरिएका छन् । जस्तै : शिर, शान्त, नाग (पृ. ३१), यज्ञ (पृ. १४१), प्रणाम (पृ. १४०), श्राप (पृ. १७२), दृष्य (पृ. ९) आदि । यस्तै विभिन्न स्थानमा तद्भव शब्दहरूको समेत प्रयोग भएको छ । जस्तै : आँखा, हात (पृ. ६),

खुट्टा (पृ. १५), उज्यालो (पृ. १६), मुख (१०६), गाई, गोरु (पृ. १), छोरी (पृ. ९) आदि । यसैगरी उपन्यासमा पनि आगन्तुक शब्द तथा वाक्यको व्यापक प्रयोग भएका छन् । यसअन्तर्गत हिन्दी, थारू तथा अङ्ग्रेजी भाषाको प्रयोग धेरै भएको छ । हिन्दी तथा थारू भाषाका केही उदाहरणहरू : बठनिया (पृ. १६८), पहरके का करना हो ? (पृ. १७१), का हुइल तोहर छाव ? (पृ. ३०३), मै कैसल देख परहु ? (पृ. २४४), यि टो मोर हो जे (पृ. २४५), आइए हुजुर, सर्कसका मजा लिजिए (पृ. १७३), सिधे जाना । सिधे आना । इधर उधर घुसना मत (पृ. १७५), ओके, गुड इभिनिङ सर (पृ. १८५), गुड क्विस्चन (पृ. १८५), दिल दिवाना बिन सजना के मानेना (पृ. २४७), दोस्त (पृ. २४०) आदि । यसरी नै अङ्ग्रेजीका केही उदाहरणहरू : चक र डस्टर लिएर, बेन्च, पावर, एस सर (२३७), टप र रिङ, लिपिस्टिक, हिरोहिरोइन, पोष्टकार्ड, स्टिकर, डायरी (पृ. २४३), प्राइभेट हस्पिटल (पृ. १४८), मेडिकल प्लाष्टिकको सिरिन्ज (पृ. १३५), बेड, ब्याग, पास (पृ. २६६) आदि ।

उपन्यासमा ठेट नेपाली स्थानीय शब्द तथा वाक्यहरूको समेत प्रयोग भएका छन् । जस्तै : पाजी, हगेपछि धुन आउँदैन (पृ. २३७), वाल्ल (पृ. २४०), तुर्क्याउँदै, पिन्छे, राँडी, पोइ (पृ. २४४), लुत्रुक्क, दुक्ख (पृ. २४५), चारा, गोडा (पृ. २५३), ऐँठन (पृ. २७१), ट्वाल्ल (पृ. २७४), थुक्क (पृ. २६६), जदौ (पृ. २७६), कानसुत्लो (पृ. ३०५), हिक्क (पृ. ३७४), अगेना, डेक्ची, हुत्ती (पृ. ३१५), गुजुप्प, चेप, धैधै (पृ. ३१६) आदि । यस्तै विभिन्न स्थानमा अनुकरणात्मक शब्दहरूको समेत प्रयोग भएको छ । जस्तै : नसैनसा, हुलमुल, यताउता (पृ. ३०२), थुप्राथुप्री, छ्याङ्ग, घटपट, घ्यार्रघ्यार्र (पृ. ३०५), फननन (पृ. ३०), ढुङ्गैढुङ्गा, फतक्क (पृ. २८७, फाट्टफुट्ट, घट्घटी, फत्फताउनु, गुजुप्प (पृ. २७१), चिर्चिराउँदो, क्वार्रक्वार्र, डुङ्डुङ्ती (पृ. २६९), धुम्धुम्ती (पृ. २५३), लुरुलुरु, ढ्याकढ्याक, टिङ्टिङ, थ्याच्च, ख्याक्क, ट्वाल्ल, रनक्क (पृ. २६६), उहुहुहु, गुम्लुङ्ङ (पृ. ३१८) आदि । यस्तै विभिन्न प्रकारका उखान तथा टुक्काहरूको समेत प्रयोग उपन्यासमा भएको छ । जस्तै : रनक्क रन्किए, फनक्क फन्किनु (पृ.२३७), कुमालेको चक्रजस्तै, जाँ गुँड लगाउन खोज्यो, भाग्यले त्यतैबाट लखेट्छन् (पृ. २४३), भाग्यमा जे लेख्या छ त्यै हुन्छ (पृ. २३५), मन दह्रो गर्नु (पृ. २६३), दमाहा जस्तो भुँडी (२६९), चराको गुँड जस्तो (पृ. २७६), कर्नालीको बतारको कम्पनले मुजा पर्दै हल्लिरहेको, सुपारी फूल जस्तो (पृ. २७८), लाटो देशाँ गाँडो तन्नेरी (पृ. २१३), टर्रो टर्रो कस्तो कस्तो ? (पृ. २७९), जुम्ला दैलेख माटो, कालिकोट गाँठो

(पृ. ३१०), लाटो देशाँ गाँडो तन्नेरी (पृ. २३१), गोडा लतार्नु (पृ. २८७) आदि । यसरी नै उपन्यासमा केही अशिष्ट शब्दको समेत प्रयोग भएको पाइन्छ । जस्तै : राँडी, पिन्छे (पृ. २४४), माधरचोद (पृ. २१७), मुजी, चाक (पृ. २३४) आदि । यस्ता अशिष्ट शब्दको प्रयोग भए तापनि प्रयोग गरिएको स्थानको संवादमा त्यस समाजमा यस्ता भाषा र शब्दहरूको प्रयोग सामान्य रूपमा चलिरहेको पाइन्छ ।

यस उपन्यासमा प्रयुक्त भाषिकालाई हेर्दा तराई र ग्रामीण क्षेत्रमा बस्ने मानिसहरूले प्रयोग गर्ने भाषामा विभिन्न प्रकारका विविधता रहेको पाइन्छ जसलाई माथिका कथन तथा वाक्यहरूले प्रमाणित गर्दछ ।

## सारांश

अध्याय चारअन्तर्गत 'भौगोलिक आधारमा *कर्नाली ब्लुज* उपन्यासको विश्लेषण' शीर्षक राखेर अध्ययन गरिएको छ । यस अध्यायमा सङ्क्षिप्त रूपमा लेखकको परिचयका साथै उपन्यासको संरचनागत व्याख्या गरिएको छ । यसका साथै भौगोलिक परिवेशले समेत भाषामा विभेद उत्पन्न गरेको छ । यही आधारमा आधारित रहेर *कर्नाली ब्लुज* उपन्यासका पात्रहरूले प्रयोग गरेका भाषाको भाषिक अवस्थाको व्याख्या र विश्लेषण गरिएको छ । भोगोलिक आधारको भाषाशैली यस उपन्यासमा विषयवस्तु सुहाउँदो पात्र र स्थानअनुसारको पद, पदावली, शब्द, उखानटुक्काका साथै स्थानीय बोलीचालीका भाषा प्रयोग गरिएको छ । भौगोलिक आधारमा भाषाको अध्ययन गर्दा समग्र उपन्यासको भाषा सरल, सहज, सरस भए तापनि केही स्थानमा त्यहाँका ठेट स्थानीय भाषाको प्रयोग भएको हुनाले पाठकलाई बुझ्न केही समस्या हुने देखिन्छ तर उपन्यासमा प्रयुक्त स्थान, समय र परिवेश अनुकूल भाषिकाको प्रयोग गरिएको छ भनी निष्कर्ष निकालिएको छ ।

## अध्याय पाँच

## पात्रगत भाषिक स्थितिको विश्लेषण

*कर्नाली ब्लुज* उपन्यासमा तीसभन्दा बढी पात्रहरूको उपयोग गरिएको छ । तिनीहरूलाई लैङ्गिक आधारमा महिला र पुरुष पात्र, वर्गीय आधारमा उच्च, मध्यम र निम्न वर्गमा विभक्त उनीहरूले प्रयोग गर्ने भाषाको व्याख्या र विश्लेषण निम्नानुसार गरिएको छ :

### लैङ्गिक आधारमा भाषिक स्थितिको विश्लेषण

लैङ्गिक आधारमा *कर्नाली ब्लुज* उपन्यासमा रहेका पात्रहरूलाई स्त्रीलिङ्ग र पुलिङ्गको प्रयोग पाइन्छ । यस उपन्यासमा अत्यधिक रूपमा पुरुष पात्रहरू रहेका छन् भने महिला पात्रहरूको सङ्ख्या न्यून रहेका छन् । यस उपन्यासमा लैङ्गिक अवस्थालाई विश्लेषण गर्नुका साथै लैङ्गिक अवस्थाका भाषिक विभेदलाई यहाँ प्रष्ट्याउने प्रयास गरिएको छ । यस उपन्यासमा प्रयुक्त पुरुष पात्रहरूले प्रयोग गरेका केही भाषिक अवस्थालाई साक्ष्यका रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

### पुरुष पात्रहरूको भाषिक विश्लेषण

यस उपन्यासमा बीसभन्दा बढी पुरुष पात्रहरूको प्रयोग गरिएको छ । उनीहरूले प्रायः नेपालको सुदूर क्षेत्रको तराई र पहाडी क्षेत्रमा बोलिने भाषाको प्रयोग गरेको पाइन्छ । यिनीहरूले ठाडो, रुखो भाषाको प्रयोग गर्ने हुनाले भाषा निरस, आदेशात्मक र हेपाइका शब्दहरूको प्रयोग भएको पाइन्छ । उपन्यासमा प्रयुक्त केही पुरुष पात्रद्वारा प्रयोग गरिएका केही भाषिक प्रयोगलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

यस उपन्यासका एक पुरुष पात्र हर्षबहादुरले प्रयोग गरेका केही भाषिक प्रयोगका उदाहरणहरू निम्नानुसार रहेका छन् :

“नडरा, तँ त असल छोरो होस् । भूतले केही गर्दैन” (पृ. १९) । “यसलाई गोठालो बनाउन खोजी छस् ? तँ आफै मर्न सक्दिनस् ?” (पृ. २५) । “तैँले चोरेको हो ? नढाँटी भन्, तैँले लगेको होस् ? म पिट्दिन । चोर हुन्छस् ? तैँले मागेको त पुऱ्याकै छु नि, मुर्दार भन कसलाई दिस्” (पृ. २१) । “बुढा बाउआमालाई छाडेर भाग्छस् भने भाग्, मेरो अन्तिम

निर्णय यै हो, तँ काठमाण्डु जान पाउन्नस् । तँ मेरै भरमा छस् । तैँले मैले भनेकै मान्नुपर्छ" (पृ. ३१) ।

यस उपन्यासका एक पात्र डाक्टरले प्रयोग गरेका केही भाषिक उदाहरणहरू निम्नानुसार रहेका छन् :

"अब हस्पिटल आछौ भाइ, ठीक त भइहाल्छ, टुकुटुकु हिँड्दै जानुहुन्छ । तर कति दिन लाग्छ, सिटीस्क्यान नगरी भन्न सक्दिनँ" (पृ. १२) ।

"तपाईंलाई कस्तो छ ?" (पृ. १२) । "यी ह्याँनेर रगत जमेको छ ... । त्यसैले प्यारालाइसिस भएको हो" (पृ. १४८) । "तान्नुस्, भित्र तान्नुस," डाक्टर नन्दन करायो (पृ. १५०) । "तिम्रो बाको कम्मर दुख्न छोडेको होइन, मरिसकेको हो । शरीर मर्दैमर्दै माथितिर आइरहेको छ । तिम्रा बा सुर्खेत जान चाहन्छन् भने लैजाऊ । पुर्ख्यौली थलो जाने इच्छा पूरा गरिदेऊ । कहिलेकाहीँ बिरामीले आफ्नै घरको वातावरण पाए भने रोगसँग लड्न सक्छन्" (पृ. ३३८) ।

उपन्यासमा आएका विभिन्न पुरुष पात्रहरूले विभिन्न प्रसङ्ग र परिवेशमा प्रयोग गरेका केही भाषिक उदाहरणहरूलाई निम्नानुसार प्रस्तुत गरिएका छन् :

"आमा कता गई ?" बाले सोध्नुभो (पृ. ७) । "अहिले होइन," बाले भन्नुभो- "अलि ठूलो भएपछि" (पृ. २७) । चन्द्रे त मेरो कुरा सुनेर हाँस्ला भनेको त झन् पिलपिल भयो । ... र भन्यो, "मलाई त बाले माया नै गर्दैनन् । बाले सुई नलाइदिएर हो यस्तो भको" (पृ. ६१) । "च्या खान पाइन्छ ?" सबैभन्दा अगाडि आइपुगेको मोटो पुलिसले सोध्यो । ... "किन नपाइनु, पाइन्छ हजुर !" साहुजी खुसी भए । "हजुरहरू कति हुनुहुन्छ ?" (पृ. ७१) । सद्दामले गर्वले भन्यो- "म हेर्दै लक्का थिएँ । उसले त हेन्डसम भन्थी मलाई ।" म हाँसें (पृ. १९८) । "कताबाट ?" पुलिसले सोध्यो । ... "चिसापानी दइ सर,'' जरिलालले पसिना पुछ्दै भने र खुइय सुस्केरा हालेँ (पृ. २८४) ।

यसरी माथिका उदाहरणहरूलाई हेर्दा पुरुष पात्रको नै संवाद हो भन्ने प्रष्ट हुन्छ । यहाँ असल छोरो, गोठालो, चोर, छाडेर भाग्छस्, मेरै भरमा छस् जस्ता शब्दहरूको प्रयोग भएको पाइन्छ । जुन शब्द पुरुष पात्रका लागि प्रयोग गरिन्छ । त्यस्तै महिला पात्रका लागि खोजिछस्, मर्न सक्दिनस्, आमा कता गई जस्ता शब्दको प्रयोग गरिएको पाइन्छ । यसैगरी

सद्दामको म हेर्दै लक्का थिएँ, हेण्डसम भन्थीजस्ता शब्दले यो पुरुष पात्रले नै बोलेको भाषा हो भन्ने जान्न सकिन्छ । लैङ्गिक रूपमा महिलाको तुलनामा पुरुषले प्रयोग गर्ने भाषा कठोर, रुखो र आदेशात्मक खालको प्रयोग भएको छ भन्ने कुरा माथिका उदाहरणहरूबाट थाहा पाउन सकिन्छ ।

नेपाली समाजमा छोरो भएपछि डराउनु हुँदैन, असल र निडर हुनुपर्छ भन्ने कुरा माथिको उदाहरणबाट छर्लङ्ग हुन्छ । यसैगरी डाक्टरको हस्पिटल आछौ भाइ, ठीक त भइहाल्छ र पुख्यौली थलो जान दिएको सल्लाहमा बोलेका बोलीमा डाक्टर जस्तो प्रतिष्ठित पदमा कार्यरत भइकन पनि नम्रता देखिन्छ ।

यस उपन्यासमा रहेका पात्रहरूको लैङ्गिक अवस्थालाई निम्नानुसार देखाइएको छ :

तालिका १ : *उपन्यासमा प्रयुक्त पात्रहरूको लैङ्गिक विवरण*

| पुरुष पात्रहरू | महिला पात्रहरू |
|---|---|
| वृषबहादुर, हर्षबहादुर (वृषबहादुरको बुबा), चन्द्रे, मागिराम थारू, डाक्टर नन्दन, मगर मामा, लामिछाने बूढा, राजा साहेब, खुसीराम, रमेश, एकराज, भक्ते, शिवशङ्कर, भग्गु, पङ्कज नाई, गेटपाले, ड्राइभर, वीरसिंह धामी, शिवशङ्कर, बिरामीहरू, वनपाले, गिरिजाप्रसाद कोइराला, ओमे साहु, गौली साहु, सद्दाम, हजुरोको साहुजी, विष्ट बूढा, युवराज गौतम, पूर्णबहादुर बिष्ट, जगत रावल, वासुदेव चौलागाईं, फुलवा चौधरी, आइतराम, रामबहादुर बोगटी, कृष्ण, जोगीराम थारू, पुलिसहरू, जरिलाल, परिमल, मन्दिरे, छोट्कु, बाटुले बा, डाक्टर मोहम्मद, दैलेखी साहु, प्रधानमन्त्री मरिचमान सिंह, हुलाकी, अछामी बूढा, ज्योतिषी बा, मुन्तिर बा, कुरुवाहरू आदि | वृषबहादुरकी आमा, पार्वती दिदी, ममता दिदी, नर्मदा नर्स, साहुनी, बाटु, शर्मिला, उमा दिदी, सुरुचि नर्स, मगर्नी माइजु, शान्ति दिदी आदि |

स्रोत : *कर्नाली ब्लुज* उपन्यास (२०६७) ।

उल्लिखित तालिकामा *कर्नाली ब्लुज* उपन्यासमा रहेका पात्रहरूको लैङ्गिक अवस्थालाई प्रष्ट पारेको छ । ती पात्रहरूमध्ये वृषबहादुर, चन्द्रे, आमा, पार्वती, हर्षबहादुर, दिदी, ममता दिदी, एकराज, शिवशङ्कर प्रमुख पात्रका रूपमा आएका छन् । जरिलाल, परिमल, छोट्कु, राजा साहेब, आइतराम, बाटु, शर्मिला आदि सहायक पात्रका रूपमा

आएका छन् भने अन्य पात्रहरू गौण पात्रका रूपमा आएका छन् । यी सबै प्रकारका पात्रहरू फरक परिवेश र फरक समाजमा रहने गरेका हुनाले उपन्यासको कथानकलाई क्रमिक रूपमा गाँस्दै अगाडि बढाएका छन् । उपन्यासको कथाभित्रको भाषिक पक्षलाई डोऱ्याउने काम पनि यिनै पात्रहरूले गरेका छन् ।

**महिला पात्रहरूले प्रयोग गरेका भाषिक संवाद**

कुनै पनि समाजमा रहने महिलाहरूले प्रयोग गर्ने भाषामा कोमलत, मिठासपूर्ण, नरम तरिकाको स्त्रीलिङ्गी शब्दहरूको प्रयोग भएको पाइन्छ । पुरुष पात्रको भाषामा कठोर, आदेशात्मक र केही होच्याएको भाव प्रकट हुन्छ भने महिला पात्रको भाषा प्रयोगमा कोमलता, मिठासयुक्त, स्नेहील, मृदुभाषी र ममतायुक्त रहेको हुन्छ । *कर्नाली ब्लुज* उपन्यासमा महिला पात्रहरूमा वृषबहादुरकी आमा, पार्वती दिदी, ममता दिदी, नर्मदा नर्स, साहुनी, बाटु, शर्मिला, उमा दिदी, सुरुचि नर्स, मगर्नी माइजु, शान्ति दिदी आदिको उपस्थिति रहेको देखिन्छ । उनीहरूले प्रयोग गरेका भाषिक स्थितिका केही उदाहरणलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

तँ यस्तै नचाहिने गर्छस्, अनि नपिटेर के गर्नु ? तेरा बाको नागरिकता बिग्रियो । तैंले बालाई खुब दुख्ख दिइस् छोरा (पृ. ४३) । उतै रतु हुँदा त राम्रै थ्यो नि । आफ्ना मान्छे पनि थे कुन दशाले तपाईंलाई यो मधेशाँ डाक्टर बनायो (पृ. ३६) । कस्तो हो, जाँ पायो त्यैं मुत्छ; यो त सुँगुरको जातको छ (पृ. ४०) । ती त आमा भन्नुमात्रै हुन् । ममता जन्मेपछि गाउँभरि छोरी भई भन्दै रुँदै हिँडेकी हुन् । बैनी भनेर दिदीले पाले भने त हो, नत्र ममताले दुःख पाउँछिन् (पृ. ४१) । “कस्तो हो,” आमा च्याँट्ठिनुभो- “भनेको त मान्नुपर्छ ।” खत्र्याकखुत्रुक आवाज आयो (पृ. ५५) । यसलाई यसरी नपठाम् ! भर्खरकी लाउँलाखाउँला उमेरकी छे । एकदुई वर्ष अझै बस्छे । जान्नेबुझ्ने हुन्छे, आफ्नो बाटो रोज्छे (पृ. २५३) ।

माथि प्रस्तुत गरिएका उदाहरणहरूमा वृषबहादुरकी आमाका संवादहरू प्रस्तुत गरिएका छन् । ती संवादहरूमा कोमलता, उपदेशात्मक, सम्झाउने प्रकारको र थकित एवम् गलित भाव झल्किएका छन् । उनले प्रयोग गरेको भाषा स्पष्ट र सरल तरिकाका समेत रहेका छन् । जस्तै : खुब दुख्ख दिइस् छोरा, उतै रतु हुँदा त राम्रै थ्यो नि । यो त सुँगुरको जातको छ । ममता जन्मेपछि गाउँभरि छोरी भई भन्दै रुँदै हिँडेकी हुन् । ममताले दुःख

पाउँछिन् । भर्खरकी लाउँलाखाउँला उमेरकी छे । एकदुई वर्ष अझै बस्छे । जान्नेबुझ्ने हुन्छे, आफ्नो बाटो रोज्छे आदि ।

यसरी नै यस उपन्यासमा विभिन्न पात्रहरूबाट बोलिएका संवादहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

किन हाँस्छस् थारू ? म हाँसेको देखेर दिदी कराइन् (पृ. ३४) । "भान्जा, कसैलाई नभन है !" उनले रुन्चे स्वरमा भनेकी थिइन्- "एकदम खान मन लाग्यो के !" (पृ. ६७) । बाटुले भनी, "मन ट बा," गहिरा र लालटिनको उज्यालोमा टल्किएका आँखा मतिर फर्काउँदै भन्थी- "मन लागके का करना ?" (पृ. १७१) । "बज्यै," साँझपख नर्मदाले भनी - "तपाईंको फोन आछ" (पृ. २२५) । बाटुले नै सुनाइ - "बा हतारिँदै मेरो थोत्रो साइकल लतार्दै दिदीलाई खोज्न जानुभएको छ । बा यत्ति हडबडमा कहिल्यै देखिनुभएको थिएन । हडबडमा दुईथरी चप्पल लगाउनुभएछ । चस्मा घरै छुटेको थियो । सफा गर्न झिकेका अगाडिका दुईटा दाँत पनि घरमै छुटेका थिए । थोते बा कमजोर आँखा लिएर हतासहतास कहाँ पुग्नुभो होला ? दिदी कोसित भागिहोलिन् ? कुन दिशा हिँडिहोलिन् ?" (पृ. २३६) ।

माथि प्रस्तुत गरिएका उदाहरणहरूमा भन्थी, बज्यै तपाईंको फोन आएको छ, थोते बा, हिँडिहोलिन् जस्ता शब्दहरूको प्रयोग भएका छन् । यसमा प्रयोग भएका भन्थी, बज्यै, हिँडिहोलिन् जस्ता शब्दहरू स्त्रीलिङ्गी शब्दहरू हुन् ।

दिदीले मलाई फोन गरेकी थिइन्- "व्यापार छैन । एकदुई थान कपडा मात्रै बाँकी छन् । बाआमा पसलमा टुक्रुक्क बस्नुहुन्छ । यस्तो देख्नुपर्छ भन्ने थाहा पाएको भए म आउने नै थिइनँ" (पृ. २६२) । नर्मदा धर्मराउँदै आमाछेउ आइछ । बाले नसुन्ने गरी आमाको कानमा भनिछ- "बज्यै, त्यो त मरेछ" (पृ. २६६) । "कस्तो हो सप्पै कपडा बिगारेर !" "सुद्धि पनि हरायो कि के हो ?" (पृ. ३२५) ।

माथिका उदाहरणहरूबाट लैङ्गिक आधारमा विश्लेषण गर्दा महिला र पुरुषका भाषामा फरकपन पाउँछौँ । महिलाको लागि हिँडेकी हुन्, दु:ख पाउँछिन्, सक्दिनस्, भागिहोलिन्, हिँडिहोलिन्जस्ता शब्दको प्रयोग भएको छ । यिनीहरूको भाषा पुरुषको तुलनामा कोमलता र स्नेहता झल्किएको देखिन्छ । यस्तै पुरुषका लागि गोठालो, चोर, मुर्दार, असल छोरो थिस्, भाग्छस्, जान पाउन्नस् जस्ता शब्द प्रयोग भएको पाइन्छ । यसले

उपन्यासमा प्रयोग भएका शब्दको भिन्नतालाई देखाउँछ साथै महिलाको भाषाको तुलनामा पुरुषको भाषा आदेशात्मक र मिठास नभएको देखिन्छन् । यसैले भाषाको विश्लेषण गर्दा महिला र पुरुषको भाषाको प्रयोगमा भिन्नता पाउँछौं । शब्द प्रयोगकै आधारमा महिला हो वा पुरुष हो भनेर पहिचान गर्न सकिन्छ । यसरी *कर्नाली ब्लुज* उपन्यासमा शब्द प्रयोगको आधारमा लिङ्गगत विभेद रहेको पाइन्छ ।

## वर्गगत पात्रले प्रयोग गरेका भाषिक स्थिति

समाजमा सबै व्यक्ति समान जीवनस्तरका हुँदैनन् । कोही उच्च एवम् सभ्रान्तवर्गका हुन्छन् भने कोही मध्यम स्तरका हुन्छन् भने कोही बिहान-बेलुकाको छाक टार्न समेत गाह्रो हुने अवस्थाका निम्न वर्गीय पात्रहरू रहेका छन् । समाज रहेकै ठाउँमा वर्गहरू रहेका हुन्छन् । समाजमा रहेको वर्गले यस समाजको भेदलाई देखाउँछ र सोहीअनुसारको सामाजिक भाषिका पनि विकसित हुने गर्दछ । *कर्नाली ब्लुज* उपन्यासमा प्रयुक्त समाज र यस समाजमा देखिएका वर्गीय अवस्थालाई उच्च, मध्यम र निम्न गरी ती वर्गमा राखेर विभाजन गर्न सकिन्छ । जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

### उच्च वर्गका पात्रले प्रयोग गरेका भाषिक स्थिति

*कर्नाली ब्लुज* उपन्यासकार बुद्धिसागरद्वारा सामाजिक विषयवस्तुलाई विषयवस्तु बनाएर लेखिएको उपन्यास हो । यस उपन्यासमा नेपाली समाजमा आर्थिक अवस्था उकास्नका लागि निम्नस्तरका मानिसले उच्चवर्गको घरमा काम गर्नुपर्ने, उनीहरूले भनेको मान्नुपर्ने, बिहान-बेलुका चुलो बाल्नकै लागि कालिकोटका मानिसहरूले पसले साहुको सामान सात, आठ दिन लगाएर बोक्नुपर्ने अवस्थालाई देखाइएको छ । यस उपन्यासमा सद्दाम प्रमुख उच्च वर्गीय पात्रको रूपमा देखापरेको छ भने राजा साहेब, विष्ट बुढा र भक्ते उच्च वर्गीय गौण पात्रका रूपमा रहेका छन् र यिनीहरूको सेरोफेरोमा उपन्यासको कथानकले गति लिएको छ । उपन्यासमा प्रयुक्त यिनै केही प्रमुख पात्रहरूले बोलेका केही संवादहरूलाई उदाहरणका रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

अस्ति हजुरको विरुद्धमा मुद्दा हाल्नुपर्छ भनेर अरू मेडिकलवाला आका थे । मैले मुक्का ताकेपछि भागे (पृ. १८४) । डोन्ट वरी म हुन्जेल तपाई चिन्ता नगर्नुहोस् (पृ. १८५) । “आउनुस्, म मेरो हेन्डसम फोटो देखाउँछु ।” सद्दाम जुरुक्क उठ्यो । ऊ फोहोर पर्दा

पन्छाउँदै भित्र पस्यो, म पछि लागेँ (पृ. १९८) । केही दिनपछि मैले अर्को कुरा पनि थाहा पाएँ- बिरामी आएपछि ऊ जाँच्थ्यो । एकछिन अकमक्किएर बिरामीलाई भन्थ्यो- “खोइ, दुई सय पाऊँ त !” पैसा गोजीमा हालेर ऊ भित्र पस्थ्यो । ... गम्भीर भएर उभिँदै सम्झाउँथ्यो- “साँझ यति खाने, बिहान यति” (पृ. १६६) ।

चिन्ता नगर डाक्टर तिम्रो जग्गा स्थायी बनाइदिने जिम्म मेरो भो । मैले मान्छे चिन्या छु (पृ. ७७) ।

उल्लिखित उदाहरणहरूमा यस उपन्यासको पात्र सद्दाम र राजा साहेवद्वारा प्रयोग गरिएका संवादहरू प्रस्तुत गरिएका छन् । यसमा सद्दामले बोलेको भाषामा आएका मैले मुक्का ताकेपछि भागे, मेरो हेन्डम फोटो देखाउँछु, खोई दुई सय पाऊँ त भन्ने शब्द तथा वाक्यहरूमा उसमा अहम्पना भरिएको देखिन्छ भने डोन्ट वरी म हुन्जेल तपाईं चिन्ता नगर्नुस् भन्ने वाक्यले ऊ पढेलेखेको, सहयोगी र उच्च वर्गको व्यक्ति हो भन्ने समेत प्रष्ट हुन्छ । यसका साथै राजा साहेबले प्रयोग गरेको तिम्रो जग्गा स्थायी बनाइदिने जिम्मा मेरो भो भन्ने वाक्यमा उनमा रहेको नरमपना र सहयोगी भावना स्पष्ट रूपमा देख्न सकिन्छ । यसबाट प्रष्ट हुन्छ की राजासाहेब उच्चवर्गका भए तापनि अरू मानिसप्रति सहानुभूति प्रकट गर्ने शिष्ट र मानवीय भाषाको प्रयोग गरेको पाइन्छ ।

“भनेको बैङ्कलाई कटासेको पैसा चाहिन्न ?” विष्ट बुढा कराए- “त्यो राठौरले भनेपछि जे पनि हुने ?” (पृ. २१८) ।

के मलाई सलाई बेच्नी ठान्या छौ ? (पृ. १३८) । एकपल्ट त गुप्ताङ्गतिर चोरऔंला तेर्स्याउँदै चिच्यायो पनि- “किन हाँस्छस् साले ?” (पृ. १३८) ।

माथिका उदाहरणहरूमा उल्लेख गरिएको एक पात्र भने भक्ते आफूलाई उच्चवर्गको ठानी पसलमा सामान किन्न आउने मानिससँग अशिष्ट भाषाको प्रयोग गरेको देखिन्छ । जस्तै : के मलाई सलाई बेच्नी ठान्या छौ र साले भन्ने वाक्यमा ऊ आफूलाई ज्यादै ठूलो ठानेर अरूलाई होच्याएको देखिन्छ । उसले प्रयोग गरेको भाषामा मिठासपन भएको पाइँदैन । यसरी नै उदाहरणमा दिइएको विष्ट बुढाको त्यो राठौरले भनेपछि जे पनि हुने ? भन्ने संवादलाई हेर्दा ऊ उच्च वर्गको भए पनि झनक्क रिसाउने प्रकृतिको व्यक्ति रहेको स्पष्ट हुन्छ ।

**मध्यमवर्गका पात्रले प्रयोग गरेका भाषिक स्थिति**

*कर्नाली ब्लुज* उपन्यासमा मध्यवर्गअन्तर्गत वृषबहादुर, हर्षबहादुर, आमा, पार्वती दिदी, ममता दिदी, रमेश, शिवशङ्कर आदि पात्रहरू रहेका छन् । यस उपन्यसका मध्यम वर्गीय पात्रहरूले बोल्ने भाषिकाका केही उदाहरणहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

"के भो, पैसा छैनन् ?" बाले साध्नुभयो - "अझै कति दिन यतै बस्नुपर्ने हो !" (पृ. १९१) । "गधा, खुट्टा पनि धुँदैन है, यस्ले त !" बाले रस्सी डल्लो पारेर इस्टकोटको भित्री जेबमा राखेपछि आमाले मेरो कुम धकेल्दै भन्नुभो- "जा खुट्ट धो" (पृ. १९३) । "हुन्दे । दाँत हल्लिन्छन् । सुरुमा गाह्रो हुन्छ । पछि बानी पर्दै जान्छ" (प. १९४) । "तल चार कोठा । यो ठूलो कोठामा मेडिकल । यो सानो कोठा गोदाम । अरू दुई कोठामा बिरामीका बेड," बाले बिस्तारै काँपेका हत्केला बक्साबक्सामा पुऱ्याउँदै भन्नुभो (पृ. २१६) ।

उपन्यासका एक पात्र हर्षबहादुरले बोलेको भाषालाई हेर्दा ऊ स्पष्ट रूपमा मध्यम वर्गीय पात्र हो भन्ने बुझिन्छ । जस्तै : "अझै कति दिन यतै बस्नुपर्ने हो ?" भन्ने वाक्यको प्रयोग हेर्दा अस्पतालमा कति खर्च हुने हो भन्ने चिन्तामा परेको हुनाले ऊ उच्च वर्गको नभएको प्रष्ट हुन्छ, यस्तै गधा खुट्टा पनि धुँदैन भनेर छोरालाई गाली गर्दा प्रयोग गरेको गधा शब्द उच्च वर्गकाले प्रयोग नगर्ने हुनाले तथा चारकोठे घर बनाउने योजना बनाएको हुँदा पनि ऊ मध्यम वर्गीय पात्र हो भन्ने स्पष्ट हुन्छ ।

"कत्ति झगडा गर्छन् यी छौंडाछौंडी आमाले मुड्की उठाउनुभो" (पृ. ३४) । "मैले जीवनमा केही मागिनँ । एउटा राम्रो घर बनाम् भन्दा नमान्नी" (पृ. ३६) । "जहिले पनि क्यै न क्यै बहाना । ससुराले त लैजा भनेकै थे नलिई हिँडेपछि यस्तै हुन्छ । खुरुक्क ल्याको भए आज ऐलानी जग्गामा यस्तो चुहिने घरमा बस्नु त पर्दैनथ्यो" (प. ३६) । "तेरा बाले त सप्पै औषधि खाएछन् । आमाले आफ्ना जगल्टा लुछुँलाझैँ गर्नुभो ।" "कटासे हुँदा नै मैले टाइम कुटाइम औषधि नखानुस् भनेकै थिएँ । अहिले के लाग्दो हो" (पृ. ९०) । "नरो, आमाले पिन्चे आवाजमा सम्झाउनुभो- भाग्यमा जे लेख्या छ त्यै हुन्छ" (पृ. २५३) ।

माथिका उदाहरणहरूमा प्रयोग भएका छौँडाछौँडी, जीवनमा केही मागिनँ । एउटा राम्रो घर बनाम् भन्दा पनि नमान्नी, आज ऐलानी जग्गामा यस्तो चुहिने घरमा बस्नु त पर्दैनथ्यो, तेरा बाले, जगल्टा जस्ता शब्द तथा वाक्यको प्रयोग प्रायः मध्यम वर्गीय व्यक्तिले

गर्ने गर्दछन् । यस्ता शब्द तथा वाक्यमा सामान्य आदरार्थी भाव प्रस्तुत भएको तथा आफ्नो आर्थिक अवस्था कमजोर भएका कारण आफ्ना आवश्यकताहरू परिपूर्ति गर्न समस्या परेको स्पष्ट हुनाले आमा मध्यम वर्गीय पात्र हुन् भन्ने स्पष्ट हुन्छ ।

"बाले घर पनि बैङ्कमा राख्नुभा छ । व्यापार भए पो तिर्नु । बाको पेट पनि दुखेको दुख्यै गर्छ रे ! आमा चिन्तै चिन्ताले दुब्लाएर मर्न लाग्नुभा छ" (पृ. ३६०) । "नरो," रुँदै दिदीले भनिन्- "दिउँसो आमाले कुरा गर्न आउँछु भन्नुभा छ । म त सुटुक्क कुरा गर्न आकी हुँ (पृ. ३६०) । "तँ स्वादले काठमान्डु बस्ने हो कि घर फर्किने हो ?" (पृ. २६१) ।

पार्वती दिदीले प्रयोग गर्नुभएको वाक्य बाले घर बैङ्कमा राख्नुभा छ, व्यापार भए पो तिर्नु, चिन्तै चिन्ताले दुब्लाउनु जस्ता वाक्य तथा शब्दहरूले उनको आर्थिक अवस्था कमजोर भएर बैङ्कबाट पैसा निकालेको र व्यापार नभएकोले समस्या परेको कुरा स्पष्ट हुन्छ । यी संवादबाट उनी एक मध्यम वर्गीय पात्र हुन् भन्ने स्पष्ट हुन्छ । यसरी नै उल्लिखित हर्षबहादुर, आमा पनि मध्यम वर्गको परिवारको व्यक्ति भएकाले यिनीहरूले मध्यम खालको भाषिक स्थितिलाई अँगालेका छन् । यिनीहरूले प्रयोग गरेको भाषामा अशुद्धपन त्यति पाइँदैन ।

**निम्न वर्गीय पात्रहरूले प्रयोग गरेका भाषिक विश्लेषण**

*कर्नाली ब्लुज* उपन्यासमा निम्न वर्गीय पात्रहरूको पनि प्रयोग गरिएको छ । प्रस्तुत उपन्यासमा निम्न वर्गीय पात्रहरूमा जरिलाल, परिमल, चन्द्रे, मागिराम, मगर मामा आदि रहेका छन् । यिनीहरूले निम्नस्तरकै जीवनशैली बिताइरहेका हुनाले कहीँकतै उनीहरूले प्रयोग गर्ने भाषामा अस्पष्ट रहेको पाइन्छ । उनीहरूले बोलेको भाषा करुणायुक्त र उनीहरूको जीवन सङ्घर्षमय भएको कारण कारुणिकता मिसिएको पाइन्छ । यस उपन्यासका निम्न वर्गीय पात्रहरूले प्रयोग गरेका केही भाषिक संवादलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

"म त एकदम नयाँ । ह्याँबाट पनि उठिबास लाग्यो भने कहाँ जानुपर्ने हो ?" (पृ. ६७) । "यस्तै हो दिदी जहाँ गए पनि सुख हुँदोरहेनछ" (पृ. ६८) । "ल त दिदी, लागेँ । भिनाजु आएपछि कुरा गर्न आम्ला । उनले हात जोडे र फन्किँदै हिँडे" (पृ. ६८) ।

मगर मामाका संवादहरूमा प्रयोग भएका ह्याँबाट पनि उठिबास लाग्यो भने कहाँ जानुपर्ने हो ? जहाँ गए पनि सुख हुँदो रहेन छजस्ता शब्दहरूको प्रयोगले उनी एक निम्न वर्गीय प्रतिनिधि पात्र हुन् भन्ने स्पष्ट हुन्छ । उठिबास लाग्नु, जहाँ गए पनि सुख हुँदोरहेनछजस्ता शब्दहरू निम्न वर्ग पात्रले प्रयोग गर्ने भाषा हो ।

"डलौदो नबस साउजी ! जरिलाल बेस्मारी कराए- खच्चडले हान्यापइ छडाउनन्" (पृ. २८६) । "बजइ यइपालि पुइसा भएन, अबको पालि ल्याउँला त" (पृ. ३११) । "बाज्या निकै छौ क्या ?" (पृ. ३२७) । "कल पुनि घुइक्याउँदा रहौँ त ?" (पृ. ३२८) । "भइगो बाज्या खानै त स्वर्ग छ; अब यई कात्राले दैव ढुकुला" (पृ. ३२८) । "दे त बजइ । राडुँआ माँबादीले रेङ्गिलओ पुल लुन्ड्यापइ अक्कोपालि क्या हो, क्या हो" (पृ. ३२९) ।

जरिलालको संवादमा प्रयोग भएका डलौदो, नबस, साउजी, बेस्मारी, हान्यापइ, छडाउनन्, बजइ, यइपालि, पुइसा, बाज्या, रहौँ त ?, यई कात्राले दैव ढुकुला, राडुँआ माँबादी, लुन्ड्यापइ, अक्कोपालि आदि शब्दहरू प्रायः अस्पष्ट र अमानक रहेका छन् । उनको भाषा प्रयोग हेर्दा उनी एकदम निम्न वर्गीय र पूर्ण निरक्षर रहेको स्पष्ट हुन्छ ।

धेरैबेरसम्म सुनेपछि, चन्द्रेले भन्यो- "मलाई पनि लैजा है !" (पृ. २७) । बाले खाएको थियो । मैले चोरेको  (पृ. २८) । चन्द्रेले सम्झायो- "ज्योतिषी बाकोमा गएर नाग छाप्न लगाउनुपर्छ । थारूका घरघरमा गएर ढोकामा टाँसिदियो भने तिनले पैसा दिन्छन् । कहिलेकाहीँ कटासे गएका बेला भुजा र ठन्डा बरफ खानपर्छ" (पृ. २९) । "बम्बै नेपालगन्जभन्दा पनि पर पर्छ, चन्द्रेले भनेको थियो" (पृ. ६१) । चन्द्रे करायो- "राँडीकोऽऽ आइज ककफाइट लडौँ" (पृ. ६३) । "थाहा छ ? चन्द्रेले खुसुक्क भनेको थियो- यो घरमा त थरुनीको भूत छ रे ! खुसीरामले देखेको छ रे ! त्यै भएर बौलाउँछ" (पृ. ७६) ।

चन्द्रेले प्रयोग गरेका शब्द तथा वाक्यहरू जस्तै : बाले खाएको थियो, मैले चोरेको, राँडीकोऽऽ, त्यै भएर बौलाउँछ आदि । यस्ता वाक्यहरू प्रायः निम्न वर्गीय र अशिक्षित व्यक्तिहरूले प्रयोग गर्दछन् । यस्ता शब्दहरूमा कतै पनि शिष्टाचार पाइएको छैन ।

उल्लिखित संवादहरूबाट वर्गीय रूपमा निम्नस्तर र निम्नशैलीको भाषिक प्रयोग भएको पाइन्छ । यिनीहरूको संवादमा शुद्धपन पाउन सकिएको छैन र स्थानीय भाषिकाको

प्रयोग भएको पाइन्छ । यिनीहरूको संवादले यिनीहरू निम्न वर्गीय पात्र हुन् र यिनीहरूको स्थिति पनि निम्न स्तरकै रहेको छ भन्ने प्रष्ट हुन्छ ।

उल्लिखित संवादहरूलाई अध्ययन गर्दा उच्च वर्गीय पात्रको भाषाशैली आफू समानको समूहमा सभ्य, शिष्ट, मानक र आदरार्थी हुन्छ भने आफूभन्दा निम्न वर्गका मानिसहरूप्रति हेपाइको दृष्टियुक्त र आदेशात्मक रहेको हुन्छ । यसै गरी मध्यम वर्गीय पात्रहरूको भाषाशैली मध्यम वर्गीय रहेको पाइयो भने उनीहरू कोमल, नरम र अरूसँग मिल्न सक्ने प्रकारको भाषाको प्रयोग गरेको पाइयो भने निम्न वर्गीय पात्रहरूको बोली अशुद्ध तथा अमानक, अस्पष्ट तथा अनादरवाची रहेको पाइयो । यसबाट प्रष्ट बुझ्न सकिन्छ कि समाजमा भाषिक भेद रहेको हुन्छ ।

उपन्यासमा प्रयुक्त पात्रहरूको वर्गगत स्थितिलाई तलको तालिकाद्वारा स्पष्ट पारिएको छ :

तालिका २ : *पात्रहरूको वर्गगत वर्गीकरण*

| उच्चवर्ग | मध्यमवर्ग | निम्नवर्ग |
|---|---|---|
| राजा साहेब, विष्ट बुढा, भक्ते, सद्दाम | वृषबहादुर, हर्षबहादुर, आमा, पार्वती दिदी, ममता दिदी, ज्योतिषि बा, रमेश, शिवशङ्कर, शर्मिला, डाक्टर नन्दन, नर्मदा नर्स, सुरुचि नर्स | चन्द्रे, भागिराम थारू, मगर थारू, मगर मामा, खुसीराम, एकराज, बाटु, भग्गु, जरिलाल, परिमल, मन्दिरे, छोड्कु |

स्रोत : *कर्नाली ब्लुज* उपन्यास (२०६७) ।

**पेसागत आधारमा पात्रहरूले प्रयोग गरेका भाषिक विश्लेषण**

समाजमा बस्ने जुनसुकै वर्गका मानिस एउटा न एउटा पेसामा आबद्ध हुन्छन् । यस उपन्यासमा प्रयुक्त पात्रहरूलाई पनि पेसागत आधारमा वर्गीकरण गरी उनीहरूले प्रयोग गर्ने भाषाको विश्लेषण गर्न सकिन्छ । यस उपन्यासका पात्रहरूको पेसागत पक्षको भाषिक प्रयोगलाई निम्न उदाहरणहरूबाट प्रष्ट्याउन सकिन्छ :

"मैले छ दिन हिँड्दा परिमललाई नै पछ्याएँ । हेर्दा उनको भारी हात्तीजत्रो थियो । वजन भने पचपन्न किलो । सिरकको भारी । बाटोमा भेटिएका मानिस पनि परिमलको भारी देखेर छक्क पर्थे यही भएर मनिपाल ईर्ष्या गर्थे । उनको भारी हेर्दा सानो देखिन्थ्यो तर वजन पैसट्ठी किलो । हिँड्दा पनि सबैभन्दा पछाडि हुन्थे" (पृ. २८०) ।

माथिको उदाहरण हेर्दा परिमल यस उपन्यासको निम्नवर्गीय पात्र हो । उसको पेसा भने भारी बोक्ने हो । उसले आफ्नो जीवन निर्वाह गर्नकै लागि कटासे बजारबाट पाँचछ दिन लगाएर कालिकोटको मान्मासम्म भारी बोकेरै पुऱ्याएको देखिन्छ । वृषबहादुरको परिवार कटासे बजारबाट कालिकोटको मान्मामा बसाइ सरेका छन् । यही बसाइ सर्ने क्रममा घरको सामानहरू बोकेर परिमल र मनिपाल लगायत उनीहरूका साथीहरूले भारी बोक्ने काम गरेका छन् ।

"बा नहुँदा विचरा शिवशङ्कर झाले मेडिकल सह्मालेका थिए । उनी कम्पाउण्डर भएर केही सिक्न आएका थिए उनी । राति मेडिकलकै बिरामी राख्ने पलङमा सुत्थे । कोही बिरामी आएको छ भने अर्को कोठामा औषधी पन्छाएर सुत्थे । कागती रङको अनुहारमा झुस्स दाह्री, जिङ्रिङ्ङ कपालमा दुई ठाउँ गाँठो पारिएको लामो टुप्पी । उनी बेस्सरी भकभकाउँदे । कलम भन्दा पनि ककक... लम भन्दै कन्थे" (पृ १३९) ।

यस उदाहरणमा वृषबहादुरले आफ्नी आमासँग वार्तालाप गर्दाको एक अंश हो । यसमा उनले आफ्ना बा सुर्खेत घुम्न जाँदा आफ्नो क्लिनिकमा काम गर्ने शिवशङ्करको बसाइ, लवाइ तथा शारीरिक अवस्थाको वर्णन गरेका छन् । यस उदाहरणबाट थाहा हुन्छ कि वृषबहादुरका बा मेडिकल सञ्चालक र शिवशङ्कर त्यस मेडिकलमा काम गर्ने एक कर्मचारी हुन् भनेर स्पष्ट रूपमा थाहा पाउन सकिन्छ ।

"अरूका कुरा सुन्छस् र त चिया बेच्छस् । चिसापानीमा व्यापार सप्रियो भने त ह्याँ के बेच्छस् ?" (पृ २१४) ।

"व्यापार छैन । एकदुई थान कपडा मात्रै बाँकी छन् । बाआमा पसलमा टुक्रुक्क बस्नुहुन्छ । यस्तो देख्नुपर्छ भन्ने थाहा पाएको भए म आउने नै थिइनँ" (पृ. २६१) ।

माथिका दुई उदाहरणलाई हेर्दा उपन्यासमा प्रयोग भएका पात्रहरूमध्ये विष्ट बुढाले हजुरको साहुजीले चिसापानीमा बजार सर्छ र व्यापार उतै सप्रन्छ भन्दा गाली गरेका छन् ।

यस उदाहरणबाट हजुरको साहुजी एक स्थानीय पसले भएको स्वतः स्पष्ट हुन्छ । यस्तै पार्वती दिदीको संवादबाट पनि थाहा हुन्छ उनको बुबाआमा कपडा पसल गर्नुहुन्छ । यस उपन्यासका पात्रहरूको संवादबाट सबै पात्रहरूका पेसा भएको स्पष्ट देखिन्छ ।

'कताबाट' पुलिसले सोध्यो । भरियाले लहरै भारी बिसाए, पर्खालमाथि । 'चिसापानी दइ सर', जरिलालले पसिना पुछ्दै भने र खुइय सुस्केरा हाले । 'के छ भारीमा ?' लत्ताकपडा हुन् ।' 'रक्सी त बोक्या छैनौ ?' 'क्याको रक्सी हुँदो हो सर,' जरिलालले भने (पृ. २८४) ।

माथिको संवादमा प्रयोग भएका वाक्यहरूले प्रहरी र भारी बोक्ने भरियाबीच कुराकानी भएको स्पष्ट हुन्छ । यसमा प्रयोग भएका 'के छ भारीमा ?' भन्ने वाक्यले स्पष्ट रूपमा भारीबोक्ने मानिस हुन् भनेर जान्न सकिन्छ । यसरी नै 'रक्सी त बोक्या छैनौ ?' भनेर सोधेको वाक्यले रक्सी बोक्नु कानुन विपरीत भएको र त्यसैको सोधखोज गरेको प्रष्ट हुनाले त्यो सोध्ने व्यक्ति पुलिस भएको स्पष्ट हुन्छ । पुलिस शिक्षित भएकाले उसको बोलीमा शुद्धता भए तापनि केही कठोरपना र हेपाइको भाव स्पष्ट हुन्छ भने जरिलालले भनेको 'सर' शब्दले ऊ एक निम्न वर्गको व्यक्ति हो भनेर जान्न सकिन्छ ।

माथि प्रस्तुत गरिएका सबै उदाहरणहरूमा प्रस्तुत विभिन्न पेसामा आबद्ध पात्रहरूको भाषाशैली भिन्नभिन्न रहेको देखिन्छ । यहाँ प्रयुक्त उदाहरणहरू आएका पात्रहरू प्रत्येकको भाषाशैली भिन्नभिन्न प्रकारको रहेको छ । जस्तै : विष्ट बुढा आफू उच्च वर्गको भएकाले निम्न वर्गीय हजुरको साहुलाई थर्काएको देखिन्छ र साहु निम्न वर्गीय भएकाले बोल्न सकेको छैन । यसबाट पनि स्पष्ट रूपमा भाषिक भेद रहेको पाइन्छ । यसैगरी पुलिसले भारी बोक्ने जरिलाल, परिमल आदिलाई थर्काउने प्रकारको भाषाको प्रयोग गरेको छ भने निम्न वर्गीय पात्रहरूले पुलिसप्रति आदरार्थी भाषाको प्रयोग गरेका छन् । यसबाट पनि स्पष्ट रूपमा पेसागत भाषिक भेद देख्न सकिन्छ । भने यसैले प्रष्ट हुन्छ कि पेसागत आधारमा पनि भाषिक भिन्नता रहेको हुन्छ ।

## सारांश

यस अध्यायको शीर्षक "पात्रगत भाषिक स्थितिको विश्लेषण" राखिएको छ । यस अध्यायमा भौगोलिक आधारमा *कर्नाली ब्लुज* उपन्यासको विश्लेषण गरिएको छ । यस उपन्यासमा विषयवस्तु सुहाउँदा पात्र र उपन्यासमा वर्णित नेपालको सुदूरपशिच भेगको

समय र स्थानअनुसारको पद, पदावली, निपात, उखानटुक्काका साथै स्थानीय बोलीचालीको भाषा प्रयोग गरिएको छ । छोटा-छोटा वाक्य र स्थानीय पद-पदावलीको प्रयोगबाट मिठासपूर्ण बनेको यस उपन्यासको भाषामा त्यस क्षेत्रमा प्रयोग हुने थारू, हिन्दी, स्थानीय नेपाली भाषाका साथै कतैकतै अङ्ग्रेजी पद तथा पदावलीको प्रयोग भएको पाइन्छ । जसले गर्दा उपन्यासमा स्थानीयपन झुल्किएको देखिन्छ । कतै वर्णनात्मक शैलीको प्रयोग गरिएको छ भने कतै संवादात्मक शैलीको प्रयोग गरेर उपन्यासको कथालाई समान रूप (रैखिक गति) मा अगाडि बढाइएको पाइन्छ । भौगोलिक आधारमा भाषाको अध्ययन गर्दा समग्र उपन्यासको भाषा सरल, सहज, सरस हुनका साथै स्थान र परिवेशअनुकूल रहेको पाइन्छ ।

# अध्याय छ

# सारांश, निष्कर्ष र उपादेयता

## सारांश

प्रस्तुत अध्ययनको अध्याय एकमा शोधपरिचय, समस्याकथन, शोधकार्यको उद्देश्य, अध्ययनको औचित्य र सीमाङ्कनलाई राखिएको छ । अध्याय दुईमा सम्बन्धित कार्यको पुनरावलोकन र सैद्धान्तिक पुनरावलोकनको समीक्षा गरिएको छ । सैद्धान्तिक अवधारणाअन्तर्गत सैद्धान्तिक पृष्ठभूमि, समाज भाषाविज्ञानको परिचय, समाज भाषाविज्ञानको क्षेत्र र भाषिक भेदलाई समावेश गरिएको छ । यस्तै भाषाको सामाजिक भेदअन्तर्गत लैङ्गिक भेद, वर्गीय भेद र पेसागत भेदको चर्चा गरिएको छ । एउटै समाजभित्र आआफ्ना परम्परा र मान्यतामा आधारित रहेर बस्दा तिनको बोलीमा पृथकीकरण रहन्छ । यही नै भाषिक विविधता हो । समाजमा भाषिका पैदा हुने प्रमुख कारणहरूमा समुदायका लिङ्गगत, वर्गगत र पेसागत आदि विभिन्न भेदहरू रहेका हुन्छन् । यिनकै चर्चा यस अध्यायमा गरिएको छ । अध्याय तीनमा अनुसन्धानका सिलसिलामा प्रयोग गरिएका शोधविधि तथा अध्ययन प्रक्रियालाई प्रस्तुत गरिएको छ जसमा अनुसन्धानको ढाँचा, नमुना छनोट प्रक्रिया, सामग्री सङ्कलनको स्रोत रहेका छन् । अध्याय चारमा सामग्री सङ्कलनबाट प्राप्त तथ्यहरूको व्याख्या तथा विश्लेषण गरिएको छ । भौगोलिक बनोटका आधारले भाषालाई प्रत्यक्ष र अप्रत्यक्ष रूपमा प्रभाव पार्ने कुराको चर्चा पनि गरिएको छ । अध्याय पाँचमा यस उपन्यासका पात्रहरूले प्रयोग गर्ने लैङ्गिक, वर्गीय र पेसागत आधारमा भाषिक विश्लेषणको चर्चा गरिएको छ । पात्रहरूको भाषिक प्रयोगमा विविधता रहेको पाइन्छ । लैङ्गिक आधारमा यस उपन्यासका पुरुष पात्र र महिला पात्रले प्रयोग गरेको भाषामा पनि भिन्नता पाउन सकिन्छ । यस्तै पेसागत आधारमा पनि भाषिक प्रयोगमा भिन्नता रहेको देखिन्छ । यस उपन्यासका पात्रहरू कुनै न कुनै पेसामा संलग्न रहेका छन् यसैले पेसागत भाषिक भेद पाउन सकिन्छ । अध्याय छ शोधकार्यको अन्तिम अध्याय हो । यस अध्यायमा अघिल्ला पाँच अध्यायको सारांश, निष्कर्ष र उपादेयतालाई उल्लेख गर्दै सुझाउहरू पनि उल्लेख गरिएको छ ।

## निष्कर्ष

उपन्यासकार बुद्धिसागरद्वारा लिखित *कर्नाली ब्लुज* (२०६७) उपन्यासलाई शोधको रूपमा लिइएको छ । यस उपन्यासमा नेपालको सुदूरपश्चिम क्षेत्रको ग्रामीण परिवेशको बोलीचाली, रहनसहन बढीमात्रामा रहेको पाइन्छ । यस उपन्यासमा रहेको वर्गीय असमानतालाई यथार्थपरक ढङ्गमा प्रस्तुत गरिएको छ । भौगोलिक विकटताको कारणले सुदूर पहाड कालिकोटका मानिसले भोग्नुपरेको दुःख, कष्ट र उनीहरूले आफ्नो जीविकोपार्जनका लागि रातदिन नभनी पाँच, छ दिनसम्म साहुको भारी बोक्नुपर्ने बाध्यात्मक परिस्थितिलाई प्रस्तुत उपन्यासमा समेटिएको छ । यस उपन्यासमा छोराको आँखाबाट पिताको सङ्घर्ष देखाउने उपन्यास हो । सन्तानको खुसीको लागि बाबुले गरेका तीतामीठा सङ्घर्षपूर्ण कार्यलाई छोराले क्रमिक रूपमा प्रस्तुत गरेको छ । समग्रमा भन्नुपर्दा यस उपन्यासमा जीवन सरल र खुसी बनाउने आशामा एक ठाउँबाट अर्को ठाउँमा बसाइ सर्ने, एउटा पेसा छाडी अर्को पेसा रोज्ने, सन्तानलाई खुसी, सुखी बनाउनु छ भन्दाभन्दै एउटा बाबुको जीवनको अन्त्य भएको छ र उपन्यास दुःखान्तमा गएर टुङ्गिएको छ ।

यस उपन्यासमा भाषा चयनमा सरल, सहज रहे तापनि भौगोलिक बनावट र जातीय विविधताका कारण कहीँ, कतै कालिकोट र सुदूर तराई मटेराका थारू जातिको भाषा बुझ्न कठिन देखिन्छ । त्यस ठाउँका पात्रले प्रयोग गर्ने भाषामा विविधता रहेको पाइन्छ । कुनै पनि स्थानको भूबनोटअनुसार त्यहाँका मानिसहरूको लवाइ, खवाइ; रहनसहन, तिनीहरूले प्रयोग गर्ने भाषामा फरकपन पाइन्छ । यस उपन्यासमा पनि उपन्यासकारले सुदुर पहाड कालिकोट, सुर्खेत वरपरका क्षेत्र र सुदुर तराइ मटेरा, कटासे हुँदै नेपालगन्जसम्मको भाषिक परिवेशलाई समेटेका छन् । यातायातको कठिनाइ र शिक्षाको पहुँचबाट टाढा रहनुपर्ने बाध्यात्मक स्थिति कालिकोट वरपरका मानिसहरूमा देखिन्छ । त्यहाँका मानिसहरूले प्रयोग गर्ने भाषामा स्थानीय भाषिकाको प्रयोग बढी मात्रामा गरेको पाइन्छ । जस्तै : बिस्तारै - अस्ताइ, व्यापारी - हटेरु, मैले - मुइले, ठाउँ - ठउर आदि । यसरी नै मटेरा, कटासे वरपरको क्षेत्रका थारू समुदायका बस्ती बढी मात्रामा भएकोले उनीहरूको भाषाको नै बाहुल्यता रहेको देखिन्छ । उनीहरूले बोल्ने नेपाली भाषामा पनि उनीहरूकै स्थानीय भाषाको मिश्रण रहेको देखिन्छ । जस्तै : भत्काउनु - पेहली, खोज्नु -

खोजटा, टिप्नु - टुर, जानु - जाइठो, जानलागेको - जाइटी आदि । नेपालगन्ज वरपरका क्षेत्रमा बसोबास गर्ने मानिसहरूको बोलीमा भारतीय भाषाको प्रभाव प्रत्यक्ष रूपमा परेको देखिन्छ भने उनीहरूको भाषा अमानक र असभ्य रहेको देखिन्छ । जस्तै : “मैने काम दिया मादर ... फिर भाग गया”, “साहब, माधरचोद ने मेरा दुकान टट्टीखाना बनादिया”, “ओत्रा छोटमोट लौरा कहाँ बम्बई पुगसेकी” आदि ।

यस उपन्यासमा महिला पात्रहरूको तुलनामा पुरुष पात्रहरू धेरै रहेको र लैङ्गिक रूपमा महिला र पुरुषले प्रयोग गर्ने भाषामा भिन्नता रहेको पाउन सकिन्छ । वर्गीय असमानता तथा मध्य र निम्नवर्गका पात्रहरूको तुलनामा उच्च वर्गका पात्रहरू कम रहेका र उनीहरूले प्रयोग गरेका भाषामा विविधता पाउन सकिन्छ । मध्यम वर्गका पात्रले मध्यम खालको भाषाको प्रयोग गरेका छन् भने निम्न वर्गका पात्रले अशुद्ध, अमानक र अनादरवाची भाषाको प्रयोग गरेका छन् । यस उपन्यासका पात्रहरू खेतीपाती, व्यापार, विभिन्न कार्यालयमा काम गर्ने, साहुको घरमा काम गर्ने, भरिया भई काम गरी जीवन निर्वाह गरेको र उनीहरूको पेसा स्पष्ट रूपमा खुल्न गएकाले पेसागत रूपमा पनि भाषामा भिन्नता पाउन सकिन्छ । यस उपन्यासका पात्रहरूले प्रयोग गर्ने भाषा कुनै लामालामा तथा कतै छोटाछोटा वाक्यहरूको प्रयोग भएको पाइन्छ । समग्रमा भन्नुपर्दा यस उपन्यासमा स्थानीय भाषाको बढी मात्रामा प्रयोग भएको पाइन्छ ।

## उपादेयता

कुनै पनि कृतिको समाजभाषिक अध्ययन गर्नाले विद्यार्थीहरूको समाजमा बोलिने भाषाको बारेमा ज्ञानार्जन हुन्छ । यसले कुनै पनि भाषाको बारेमा प्राप्त गरेको ज्ञानलाई चिरस्थायी र प्रभावकारी बनाउँछ भन्ने जानकारी शिक्षक, विषय विशेषज्ञ, पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माताका साथै अन्य अनुसन्धानकर्ताहरूलाई समेत उनीहरूको आआफ्नो क्षेत्रमा गरिने कार्यमा सघाउ पुऱ्याउने अपेक्षा गरिएको छ ।

बुद्धिसागरद्वारा लिखित *कर्नाली ब्लुज* उपन्यासको समाजभाषिक अध्ययन गरेर तयार पारिएको प्रस्तुत शोधकार्यको आफ्नो छुट्टै उपयोगिताहरू रहेका छन् । यसका शोधकार्यको उपयोगिताहरूलाई नीतिगत तह तथा प्रयोगगत गरी निम्नानुसार प्रस्तुत गरिएको छ :

नीतिगत तहअन्तर्गत यस उपन्यासको समाजभाषिक अध्ययनले आगामी दिनमा अन्य कृतिको वस्तुपरक अध्ययन गर्नको लागि सहयोग पुऱ्याउँछ । समाजभाषिक अध्ययनले कुनै पनि कृतिको तथ्यपरक र यथार्थ मूल्याङ्कन गर्ने भएकोले अध्येता वा शोधार्थीहरूलाई सम्बन्धित अध्ययन गर्ने क्रममा अनुसन्धानको उद्देश्य पत्ता लगाउन, शोधविधिको छनोट गर्न, तथ्याङ्क सङ्कलन गर्न, कुनै पनि कृतिको विश्लेषण गर्न र यसै शीर्षकसँग सम्बन्धित अनुसन्धान गर्न चाहने अनुसन्धानकर्ताका लागि नमुनागत आधार प्रदान गर्न सहयोग पुग्ने छ । यसले पूर्वकार्यको समीक्षा गर्न सहयोग पुग्छ भने शिक्षक तथा विद्यार्थीलाई आफ्नो कमजोरी पत्ता लगाउन समेत मद्दत गर्दछ । प्रयोगगत तहअन्तर्गत यस अध्ययनले शोधनिर्देशकलाई समेत शोधपत्रको बारेमा मूल्याङ्कन गर्न तथा आगामी दिनमा शोध गर्न चाहने शोधार्थीहरूलाई उदाहरणको रूपमा प्रस्तुत गर्न सक्ने छ साथै यस शोधसँग सम्बन्धित विभिन्न निकायहरूले यसको सहयोग लिई पाठ्यक्रम तथा पाठ्यसामग्री निर्माण गर्न, शिक्षण विधिको चयन गर्न, कृतिको समाजभाषिक मूल्याङ्कन गर्न सक्ने छ । यस्तै समाजमा बसोबास गर्ने विभिन्न वर्ग, लिङ्ग र पेसाका व्यक्तिहरूले प्रयोग गर्ने भाषिक अवस्थाको विश्लेषण गर्नुका साथै कृतिभित्र रहेका समाजको सकारात्मक तथा नकारात्मक कुराहरूको अध्ययन गरी समाज सुधार गर्न मद्दत पुग्दछ ।

# सन्दर्भ सामग्रीसूची


अधिकारी, हेमाङ्गराज (२०६६), *सामाजिक र प्रायोगिक भाषाविज्ञान,* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

अर्याल, बिन्दा (२०६९), *बलामी भाषाको समाजभाषिक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., शिक्षाशास्त्र सङ्काय, कीर्तिपुर ।

काफ्ले, बालकुमारी (२०७५), *हारजित कथाको समाजभाषिक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., सप्तगण्डकी बहुमुखी क्याम्पस, चितवन ।

डाँगी, दिव्यश्वरी (२०६९), *माइतघर उपन्यासको समाजभाषिक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., शिक्षाशास्त्र सङ्काय, कीर्तिपुर ।

ढकाल, भानुभक्त (२०६९), *नरेन्द्रदाइ उपन्यासको समाजभाषिक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., शिक्षाशास्त्र सङ्काय, कीर्तिपुर ।

ढकाल, शान्तिप्रसाद (२०७४), *प्रायोगिक भाषाविज्ञान,* काठमाडौँ : पिनाकल पब्लिकेसन प्रा.लि. ।

पाल, कविता (२०७५), *मयूर टाइम्स उपन्यासको समाजभाषिक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., शिक्षाशास्त्र सङ्काय, कीर्तिपुर ।

पौडेल, माधवप्रसाद (२०७४), *प्रायोगिक भाषाविज्ञान,* काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा.लि. ।

पौडेल, माधवप्रसाद र महेन्द्रसिंह धामी (२०७६), *सामाजिक र मनोभाषाविज्ञान,* काठमाडौँ : इन्टेलेक्चुअल्ज् बुक प्यालेस ।

प्याकुरेल, रञ्जनाकुमारी (२०७१), *मुगलान उपन्यासको समाजभाषिक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., शिक्षाशास्त्र सङ्काय, कीर्तिपुर ।

बराल, सुष्माकुमारी (२०७४), *करोडौँ कस्तुरी उपन्यासको समाजभाषिक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., शिक्षाशास्त्र सङ्काय, कीर्तिपुर ।

बोगटी, मेनुकादेवी (२०७१), *लू उपन्यासको समाजभाषिक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., शिक्षाशास्त्र सङ्काय, कीर्तिपुर ।

भण्डारी, पारसमणि र अन्य (२०७३), *सामाजिक भाषाविज्ञान र मनोभाषाविज्ञान,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

राउत, शान्तिकुमारी (२०७२), *फ्ल्यासब्याकमा जिन्दगी उपन्यासको समाजभाषिक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., शिक्षाशास्त्र सङ्काय, महेन्द्र रत्न क्याम्पस, काठमाडौँ ।

शर्मा, पार्वती (२०७५), *तादी किनारको गीत उपन्यासको समाजभाषिक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., शिक्षाशास्त्र सङ्काय, सप्तगण्डकी बहुमुखी क्याम्पस, चितवन ।



# व्यक्तिवृत्त

| | |
|---|---|
| नाम | : कविता अधिकारी |
| जन्ममिति | : २०५२।०३।३१ |
| जन्मस्थान | : चुँदी, तनहुँ |
| बाबुको नाम | : भीमबहादुर अधिकारी |
| आमाको नाम | : राधिका अधिकारी |
| राष्ट्रियता | : नेपाली |
| लिङ्ग | : महिला |
| धर्म | : हिन्दु |
| वैवाहिक स्थिति | : अविवाहित |
| भाषाज्ञान | : नेपाली र अङ्ग्रेजी |
| रुचि | : अध्ययन, भ्रमण र समाजसेवा |
| कार्य | : अध्ययन, अध्यापन |
| स्थायी ठेगाना | : भानु नगरपालिका वडा नं. ४, तनहुँ |
| सम्पर्क सङ्ख्या | : ९८१५१४७६६४ |

शैक्षिक योग्यता

| क्र.सं. | तह | अध्ययन गरेको संस्था | उत्तीर्ण वर्ष | श्रेणी |
|---|---|---|---|---|
| १ | स्नातकोत्तर | सप्तगण्डकी क्याम्पस, भरतपुर | अध्ययनरत | |
| २ | स्नातक | परासर कलेज, दमौली, तनहुँ | २०७३ | द्वितीय |
| ३ | दश जोड दुई | परासर कलेज, दमौली, तनहुँ | २०७० | द्वितीय |
| ४ | प्रवेशिका | चन्द्रावती उ.मा.वि., तनहुँ | २०६७ | द्वितीय |